# सौर्य दैनिक

www.souryaonline.com









वर्ष ११ | अंक २५६ | आइतबार, २७ कात्तिक २०७९ | SOURYA NATIONAL DAILY | Sunday, 13 November 2022 | पृष्ठ : ८ | मूल्य रू. ५


### आचारसंहिता पालना गराउन आयोगको कडाइ

# आधा दर्जनलाई ५ देखि २५ हजारसम्म जरिवाना







■ सौर्य समाचार

काठमाडौं । निर्वाचन आयोगले आचारसंहिता उल्लंघन गर्नेविरुद्ध कडाई गर्दै गएको छ । आयोगले शनिबार मात्र आधा दर्जन जनप्रतिनिधि र उम्मेदवारलाई ५ देखि २५ हजारसम्म जरिवाना गरेको छ । काठमाडौं क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार पुकार बमलाई ५ हजार जरिवाना लगाएको छ । आचारसंहिताविपरीत आफ्नो नाम अंकित सर्ट प्रयोग गरेको भन्दै आयोगले उनलाई ५ हजार जरिवाना लगाएको हो ।

आयोगले सोधेको स्पष्टीकरणमा उम्मेदवार बमले निर्वाचन चिह्न अंकित टिसर्ट प्रयोग नगरिएको तर समर्थकहरूले टिसर्ट प्रयोग गरेको जवाफ दिएका थिए । उक्त जवाफ चित्तबुझ्दो नभएपछि आयोगले जरिवाना गर्ने निर्णय गरेको हो ।

यस्तै आयोगले बाराको पचरौता नगरपालिकाका प्रमुख जलन्धर सिंह जैसवारलाई २५ हजार जरिवाना लगाएको छ । वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गरेको भन्दै आयोगले उनलाई जरिवाना लगाउने निर्णय गरेको हो । आयोगले उक्त नगरपालिकाको तलब भत्ता तथा प्रशासनिक खर्चबाहेक अन्य रकम निकासा नगर्न कोष तथा लेखा नियन्त्रण कार्यालय कलैयालाई लेखी पठाउने निर्णय गरेको छ ।

त्यसैगरी आयोगले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अधिकृत गोकुल वस्तीलाई ५ हजार जरिवाना लगाएको छ । दलको प्रचार प्रसार गरेको भन्दै उनलाई आयोगले ५ हजार जरिवाना लगाएको हो । वस्तीलाई विभागीय कारबाही गर्न व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई निर्देशन दिएको छ । कारबाही गरेको जानकारी उपलब्ध गराउन आयोगले भनेको छ । अछामको राष्ट्रिय माध्यामिक विद्यालयका प्रधानाध्यापक तिलक कुँवरलाई ५ हजार जरिवाना गरिएको आयोगले जनाएको छ । एमालेको चुनाव प्रचार गरेको भन्दै उनलाई आयोगले ५ हजार जरिवाना लगाएको हो । आयोगले प्रधानाध्यापक कुवँरलाई विभागीय कारबाही गर्न पनि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई भनेको छ ।

सिरहाको जनता आधरभूत विद्यालयका शिक्षक जिवछ यादवलाई ५ हजार जरिवाना आयोगले लगाएको छ । उनले पनि दलको प्रचार प्रसार गरेको भन्दै आयोगले ५ हजार जरिवाना लगाएको हो । शिक्षक यादवलाई पनि विभागीय कारबाही गर्न आयोगले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई भनेको छ । यसअघि आयोगले काठमडौं महानगर १६ का वडाध्यक्ष मुकुन्द रिजाललाई ५ हजार जरिवाना लगाएको थियो ।

# सत्ता गठबन्धनलाई वागीकै चिन्ता



■ सौर्य समाचार

काठमाडौं । सत्तारुढ गठबन्धनले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा उठेका बागी उमेदवारहरुलाई निस्तेज पार्न अधिकतम प्रयास गर्ने भएको छ । शनिबार सानेपास्थित नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा बसेको सत्तारुढ गठबन्धनको केन्द्रीय निर्वाचन परिचालन समितिको सचिवालय बैठकले सो निर्णय गरेको हो ।

सत्तारुढ गठबन्धनमा आबद्ध दलहरुका कुनै पनि उमेदवार पराजित हुन नदिनका लागि बागी उमेदवारहरुलाई निष्क्रिय बनाउन अधिकतम प्रयास गर्ने निर्णय लिइएको सो निर्वाचन परिचालन समितिका सदस्य डा. सुरेश आचार्यले बताए । बैठकले बागी उमेदवारहरुलाई निस्क्रिय पार्ने काममा ध्यान दिन गठबन्धन दलका शीर्ष नेताहरुलाई पुनः ध्यानाकर्षणसमेत गराएको छ ।

बाँकी पृष्ठ २

# पानी ल्याउन दुई घण्टा हिँड्नुपर्ने



■ सौर्य समाचार

शगुल्मी । गुल्मी मदाने गाउँपालिका-६ पुर्कोट दहकी पवित्रा विक (५८) लाई हरेक बिहान कम्तीमा दुई घण्टा एक गाग्री पानी भर्नका लागि खर्चिनु पर्छ ।

उनी १२ वर्षदेखि हरेक बिहान एक गाग्री पानी भर्नका लागि एक घण्टा पैदल दूरी गरी फुर्कोटदेखि थाम्का पुग्छिन् । यसरी दुःख गरी ल्याएको पानीले खाना पकाएपछि उनी गिट्टी कुट्न छिर्नी पुग्छिन् ।

विक ४६ वर्ष पुग्दा श्रीमानको मृत्यु भएपछि घर खर्चका लागि गिट्टी कुट्ने काम सुरु गरिन् । तर, एक दशकभन्दा बढी समयदेखि पानीका लागि सङ्घर्षरत उनीलगायतकाको समस्या समधानका लागि आश्वासन धेरै आए पनि व्यवहारिक रुपमा कसैले पनि काम गरेको छैन । स्थानीय सरकारले पनि समस्या समाधानमा चासो नदेखाएको उनको गुनासो छ । विक जस्तै फुर्सी चुँदाराको पनि दैनिकी पनि उस्तै छ । पानी बोकेर जोहो गर्नुपर्ने बाध्यताका बीच उनको घरखर्च चलाउनका लागि गिट्टी कुट् नुपर्ने बाध्यता छ । जिल्लाभर चुनावी रौनकताले छोएका बेला उनी भने गिट्टी कुट्न मै व्यस्त छिन् ।

'हामी हरेक दिन सडक छेउ बसी गिट्टी कुटिरहेका छौं', गिट्टी कुट्दै गरेकी उनले भनिन्, 'चुनावले होला झण्डा फहराउँदै गाडी हुँइकिएका छन् । तर हाम्रो हालचाल सोध्न रोकिएको थाहा छैन ।'

उनीहरु कम्तीमा यहाँको खानेपानीको समस्या समाधान गरिदिए धन्य हुने बताउँछन् । पुर्कोट दहकै ६० वर्षे कमला चुँदारा पनि खानेपानीको समस्या समाधान छिटो होस् भन्ने कामना गर्दै आएकी छन् ।

'म जान्ने भएदेखि नै खानेपानीको समस्या छ, तर समस्या समाधानमा कसैले चासो देखाएन', उनले भनिन्, 'यो समस्या समाधान भए हाम्रो दैनिकी सहज हुने थियो ।' उनीहरूले गिट्टी कुट्ने ठाउँ छिर्नी सालझण्डी-ढोरपाटन राजमार्गअन्तर्गत

बाँकी पृष्ठ २

# निर्वाचनमा सीमावर्ती क्षेत्रमा साना हतियारको डर

■ सौर्य समाचार

काठमाडौं । भारतसंग सीमा जोडिएका नेपाली भूभागमा आसन्न निर्वाचनमा साना हतियारको डर पैदा भएको छ । खुला सीमा रहेको र भारतीय क्षेत्रमा साना हतियार सहजै पाउन सकिने भएकाले यस्तो डर पैदा भएको हो । यसको केही झलक देखिन थालिसकिएको छ ।

कात्तिक ६ गते आइतबार बेलुका नेपालगञ्जमा गोली चल्यो । नेपालगञ्ज उपमानगरपालिका-८ त्रिभुवन चोक नजिकै दुई आपराधिक गिरोहबीच विवाद हुँदा गोली चलेपछि स्थानीय त्रसित बने। प्रहरीका अनुसार दुई समूहबीच विवाद हुँदा एक पक्षले अर्को पक्षलाई घेरेपछि घेरामा परेको पक्षले हवाई फायर गरेर भागेको थियो ।

बाँके प्रहरीका प्रवक्ता डिएसपी रामप्रसाद घर्तीमगरले उक्त घटनामा दुईवटा आपराधिक गिरोहको संलग्नता रहे पनि गम्भीर अनुसन्धान नै भएन । त्यो घटना त्यहि सेलायो । त्यसबाहेक नेपालगञ्ज र भारतसँग सीमाना जोडिएका क्षेत्रमा हतियारको खुल्लमखुल्ला कारोबार समेत हुने गरेको विभिन्न घटनाहरु पुष्टि गर्दै आएको छ । तर यसको नियमन र नियन्त्रणमा प्रहरी सधैं कमजोर देखिएको छ ।

सीमावर्ती शहर नेपालगञ्जमा हातहतियारको अवैध घुसपैठ हुने जोखिम उच्च रहेको प्रहरी नै बताउने गरेको छ । तिहारको बेला भएका घटना सेलाए पनि अबको आसन्न निर्वाचनको सम्मुखमा यस्ता हतियारको कारोबार र प्रयोग बढ्ने गरेको विगतकै अनुभवहरु छन् । प्रहरीका लागि पछिल्लो पटक भएको गोली काण्डले निर्वाचन सुरक्षा जोखिम र खतरातर्फ संकेत गरेको छ ।

साना हातहतियार चोरी डकैती, हत्या तथा अन्य अपराधिक क्रियाकलापमा प्रयोग हुने गरेको प्रहरीले जनाएको छ । सीमावर्ती भारतीय बजार रुपैडिहाबाट सहजै समूह र व्यक्तिले साना हातहतियारहरु सहजै नेपाल प्रवेश गराउँछन् । जसले सुरक्षा चुनौतीलाई चुनौती दिएको छ । बाँके प्रहरीले गत वर्ष अटोमेटिक पेस्तोलसहित तीनजनालाई पक्राउ गरेको थियो ।

गत वर्षको पुसमा पनि नेपालगन्ज उपमहानगरपालिका-२०, मनिकापुरबाट २६ वर्षीय पंकज कुर्मी एक थान कट्टुवा पेस्तोलसहित पक्राउ परेका थिए । त्यसको केही समय पहिले बाँकेको खजुरा स्थित एक घरमा चोरी गर्दासमेत पेस्तोल प्रयोग गरी चोरी

बाँकी पृष्ठ २



# पर्यटनमा दलीय प्रतिवद्धता

■ सौर्य समाचार



काठमाडौं, २६ कात्तिक । सन् २०१८ र २०१९ मा वार्षिक सरदर १२ लाख हाराहारी विदेशी पर्यटक नेपाल भित्रिए । तर कोभिड-१९ का कारण पछिल्लो दुई वर्षमा पर्यटक आगमन डेढ लाखदेखि अढाइलाखमा खुम्चियो । कोरोना महामारीपछि भने मुलुकको पर्यटन क्षेत्र चलायमान बनेको छ । विदेशी पर्यटक आगमनको पछिल्लो तथ्यांक हेने हो भने केही सकारात्मक नतिजा दिने अपेक्षा गरिएको छ ।

यतिखेर मुलुकमा आम निर्वाचनको माहोल छ । साथसाथै पर्यटकीय याम पनि जारी रहेकाले विदेशी पर्यटकको संख्या क्रमशः बढ्दै गएको पाइन्छ । मुलुकको आर्थिक समृद्धिको दरिलो आधार मानिएको पर्यटन क्षेत्रको पुनरुत्थानका लागि सरकारले रणनीतिक योजना बनाएको छ । सरकारले प्रवर्द्धनका कार्यक्रम अघि सारेको छ । सरकारले सन् २०२३ देखि २०३२ सम्मको अवधिलाई 'नेपाल पर्यटन दशक'को रुपमा मनाउने घोषणा गरेको छ ।

यसै सन्दर्भमा आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि चुनावी प्रतिस्पर्धामा रहेका विभिन्न राजनीतिक दलले आफ्ना प्रतिवद्धतामा पर्यटन क्षेत्रलाई प्राथमिकता दिएका छन् । दलहरुले दिगो र समावेशी विकासका लागि पर्यटन भन्ने सोचसहित प्रवर्द्धनका महत्वकांक्षी योजना ल्याएका छन् ।

गुणस्तरीय पर्यटकको संख्यामा वृद्धि गर्दै पर्यटकको संख्या वार्षिक २५ लाखदेखि ३० लाखसम्म पुऱ्याउने नीति दलहरुले लिएका छन् । नेपाललाई आकर्षक अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने दलहरुको प्रतिवद्धता छ । दलहरुको चुनावी प्रद्धिवद्धतामा मुलुकको पर्यटन क्षेत्रको खस्किएको मनोबल उकास्ने गरी आगामी पाँच वर्षे योजना समेटिएको छ । पर्यटकको संख्या बढाउनेदेखि पर्यटकको बसाई लम्ब्याएर विदेशी मुद्रा बढी भित्र्याउने योजना पनि दलीय प्रतिवद्धतामा अटाएका छन् ।

नेपाली काँग्रेसले चुनावी संकल्पपत्रमा आगामी पाँच वर्ष भित्र वार्षिक २० लाख विदेशी पर्यटक पुऱ्याउने महत्वकांक्षी लक्ष्य लिएको छ । नेकपा (माओवादी केन्द्र)ले पर्यटन क्षेत्रको विकासका लागि नेपाल भ्रमण वर्ष घोषणा गरी ३० लाख विदेशी पर्यटक भित्रने आधार तयार गर्ने महत्वकांक्षी योजना बनाएको छ । त्यस्तै नेकपा (एमाले)ले आगामी पाँच वर्षभित्र वार्षिक २५ लाख विदेशी पर्यटक पुऱ्याउने प्रतिवद्धता जनाएको छ । तीनवटै दलले गुणस्तरीय पर्यटकको संख्या वृद्धि गर्ने, पर्यटन क्षेत्रलाई पुरानै लयमा फर्काउने, पर्यटकको बसाई र खर्च बढाई विदेशी मुद्रा भित्र्याउने योजनालाई पनि चुनावी प्रविद्धतापत्रमा समावेश गरेका छन् ।

काँग्रेसले कोरोना महामारीका कारण मुलुकको पर्यटन क्षेत्रको खस्किएको मनोवल उकास्न पाँच वर्षे रणनीति अघि सारेको छ । कूल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको प्रत्यक्ष योगदान पाँच प्रतिशत पुऱ्याउने भनिएको छ । नेपालमा हाल पर्यटकको औसत बसाई १३ दिन छ । पर्यटकको बसाई लम्ब्याएर खर्च बढाउने काँग्रेसले नीति लिएको छ । पर्यटकको बसाई अवधि १५ दिन पुऱ्याउने र प्रति पर्यटक खर्च दैनिक ४८ डलरबाट १०० डलर पुऱ्याउने लक्ष्य लिइएको छ ।

माओवादी केन्द्रले कोभिड-१९ महामारीलगायत प्रकोपका कारण स्थगित नेपाल भ्रमण वर्षलाई थप परिस्कृत र विकास गरी भ्रमण वर्ष कार्यक्रममार्फत् ३० लाख पर्यटक भित्रयाउने आधार तयार गर्ने भनेको छ । 'रोजगारी र समृद्धिको आधार, सबैका लागि पर्यटन' भन्ने नाराका साथ माओवादी केन्द्रले पर्यापर्यटन, सांस्कृतिक पर्यटन र

बाँकी पृष्ठ २

# नेपाल एयरलाइन्सले भैरहवाबाट अन्तर्राष्ट्रिय उडान भर्दै

सौर्य समाचार

काठमाडौं । राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले रुपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्ने भएको छ । डिसेम्बरको अन्तिमसम्म भैरहवाबाट अन्तर्राष्ट्रिय उडानको तयारी भइरहेको नेपाल एयरलाइन्सका प्रवक्ता अर्चना खड्काले जानकारी दिइन् ।

उनका अनुसार उक्त प्रयोजनका लागि निगमका वाणिज्य निर्देशक जनकराज कालाखेतीको संयोजकत्वमा गठित समितिले उडान सञ्चालनबारे अध्ययन गरिरहेको छ । अध्ययन प्रतिवेदन बुझाएपछि निगमको बोर्ड बैठकबाट निर्णय गरी डिसेम्बरभित्रै व्यावसायिक उडान सञ्चालनको योजनाअनुरुप सरोकारवालासँग परामर्श भइरहेको प्रवक्ता खड्काले बताए । उनले भने, 'डिसेम्बरको अन्तसम्ममा उडान गर्ने भनेर तयारी हुँदैछ । कुन-कुन गन्तव्यमा उडाउने भन्नेबारे समितिको प्रतिवेदनपश्चात् बोर्डले निर्णय लिनेछ ।'

हाल गौतमबुद्ध विमानस्थलबाट कुवेतको जजिरा एयरलाइन्सले सातामा तीनवटा उडान गरिरहेको छ । नेपाल एयरलाइन्सले भारतका तीनसहित आठ देशका १० गन्तव्यमा अन्तर्राष्ट्रिय उडान गर्दै आएको छ । एयरलाइन्ससँग अन्तर्राष्ट्रिय उडानका लागि दुई थान वाइडबडी ए-३३० र दुई थान न्यारोबडी ए-३२० जहाज छन् । गौतमबुद्ध विमानस्थल व्यावसायिकरूपमा सञ्चालनमा आएको साढे पाँच महिनापछि कात्तिक १७ देखि हिमालय एयरलाइन्सले मलेसियाको क्वालालम्पुरका लागि नियमित चार्टर्ड उडान सञ्चालन गर्दै आएको छ ।

एयरलाइन्सले दैनिक एक चार्टर्ड उडान गरिरहेको छ । नागरिक उड्डयन प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिकरूपमा तीनभन्दा बढी उडान गर्ने विमान कम्पनीलाई भैरहवाबाट पनि गर्नुपर्ने व्यवस्था गरेको थियो । जसका कारण हिमालय एयरलाइन्सले चार्टर्ड उडान सुरु गरेको थियो । नेपाल एयरलाइन्सले पनि थप उडानका लागि भैरहवा विमानस्थलबाट उडान गर्न लागेको हो । नेपाल एयरलाइन्सले भैरहवाबाट छिट्टै अन्तर्राष्ट्रिय उडान गर्ने गरी छलफलमा रहेको प्राधिकरणको भनाइ छ । राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको गौतमबुद्ध अन्तर्राष्टिय विमानस्थलमा स्वदेशी कम्पनीले कम्तीमा पनि एउटा अन्तर्राष्ट्रिय उडान गर्दै अन्तर्राष्ट्रिय एयरलाइन्सलाई आकर्षित गर्न नियामक निकायले बाध्यकारी व्यवस्था गरेको थियो । प्राधिकरणले नेपालका दुई नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्ससहित पाँच अन्तर्राष्ट्रिय एयरलाइन्सलाई गौतमबुद्ध विमानस्थलबाट उडान गर्न लिखितरुपमा आग्रह गरिसकेको छ । प्राधिकरणले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गरी विदेश जाने यात्रुलाई आन्तरिक उडानमा २५ प्रतिशत छुट दिने निर्णयसमेत भएको छ । यस्तै थाइल्याण्डलगायतका देशका वायुसेवा कम्पनीबाट समेत उडान भर्ने तयारी भइरहेको प्राधिकरणको भनाइ छ ।

## पर्यटनमा...

पर्यटनको प्रवर्धन गरी दिगो पर्यटनको आधार तयार गरिने प्रतिवद्धतापत्रमा उल्लेख गरेको छ । गुणस्तरीय पर्यटकको संख्यामा वृद्धि गर्दै पर्यटकको संख्या वार्षिक २५ लाख पुऱ्याउने नीति लिएको एमालेले नेपाललाई आकर्षक अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना बनाएको छ । 'पर्यटन र संस्कृतिः राष्ट्रको समुन्नति' नाराका साथ पर्यटकीय गन्तव्यको प्रचार-प्रसार गरि पर्यटकको बसाई अवधि लम्ब्याउन र प्रतिपर्यटक खर्च वृद्धि गर्न पर्यटनका पूर्वाधार निर्माण तथा सुधार गर्ने एमालेको नीति छ ।

राजनीतिक दलले चुनावी प्रतिवद्धतामा समेटेका पर्यटन आगमनसम्बन्धी आँकडा अघिल्ला वर्षको भन्दा यो वर्षको वास्तविक 'रियालिष्टिक' रहेको नेपाल पर्यटन बोर्डका पूर्व प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले बताए । उनले भने, 'अघिल्लो निर्वाचनमा ३५ लाखदेखि ५० लाख पर्यटक पुऱ्याउने भनिएको थियो । यो पटकको निर्वाचनमा २० लाखदेखि ३० लाख भनिएको छ, जवकी अहिले पर्यटकीय पूर्वाधार सुध्रिएको र बढेको छ । त्यस हिसावले हेर्दा यो रियालिष्टिक नै हो । तर, पर्यटनका लागि लक्ष्य मात्रै तोक्नुभन्दा वातावरण बनाउनेतर्फ दलहरुको ध्यान जानुपर्छ ।'

केही राजनीतिक दलको घोषणापत्रमा पर्यटनको राजस्व बढाउने कुरा समेटिएकाले विगतको भन्दा व्यवहारिक प्रतिवद्धता रहेको उनले उल्लेख गरे । पूर्व सिइओ जोशीले कोभिड-१९ पूर्व पर्यटन क्षेत्रबाट करिब ७० अर्ब आम्दानी हुने गरेको र कोभिड-१९ पछि ४० अर्ब हाराहारीमा सीमित हुने बनाए । उनले पर्यटनको सबैभन्दा बाधक भनेकै पूर्वाधार रहेकाले स्रोत बजारमा बजारीकरण, हवाई उडान विस्तार र पर्यटकमैत्री वातावरण बनाएर समन्वयकारी भूमिका खेल्नसक्नुपर्छ भने ।

नेपाल पर्यटन बोर्डको तथ्यांकअनुसार पछिल्लो दस महिनाको अवधिमा झण्डै पाँच लाख विदेशी पर्यटक नेपाल भित्रिएका छन् । अंग्रेजी वर्षको जनवरीदेखि अक्टोबरसम्म चार लाख ७३ हजार पाँच सय ६३ पर्यटकले नेपाल भ्रमण गरेका छन् । अक्टोबरमा मात्रै ८८ हजार पाँच सय ८२ पर्यटक नेपाल आएका छन् । पर्यटक आगमनदर यो वर्षको हालसम्मकै बढी हो । यसअघि अप्रिलमा सबैभन्दा बढी ६१ हजार पाँच सय ८९ पर्यटक नेपाल भित्रिएका थिए ।

सेप्टेम्बरमा ५८ हजार तीन सय १४, अगष्टमा ४१ हजार तीन सय ४, जुलाईमा ४४ हजार चार सय ६२ र जुनमा ४६ हजार नौ सय ७५ पर्यटक नेपाल आएका थिए । त्यसैगरी, मेमा ५३ हजार छ सय ८, मार्चमा ४२ हजार छ, फब्रुअरीमा १९ हजार सात सय ६६ र जनवरीमा १६ हजार नौ सय ७५ पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

कोभिड-१९ महामारीका कारण घटेको विदेशी पर्यटकको संख्या सन् २०२२ मा भने बढ्दो क्रममा रहेको तथ्यांकले देखाउँछ । कोरोना महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ पर्यटक नेपाल आएका थिए । सन् २०२० मा विदेशी पर्यटकको संख्या ८१ प्रतिशतले कमी आएको थियो । सन् २०२० मा दुई लाख ३० हजार ८५ पर्यटक नेपाल भित्रिएका थिए ।

त्यसैगरी सन् २०२१ मा एक लाख ५० हजार नौ सय ६२ पर्यटक नेपाल आएका थिए । जुन सन् २०२० को तुलनामा ३४ दशमलव ४ प्रतिशतले कम हो । पयर्टन बोर्डका निर्देशक मणिराज लामिछानेले सन् २०१९ मा आएका कूल पर्यटकको संख्यामा ७० देखि ७५ प्रतिशतसम्म 'रिकभर' हुने अपेक्षा गरिएको छ । उनले सोअनुसार पर्यटक आगमन भइरहेको बताए । 'यही दरमा पर्यटक भित्रिए यस वर्ष ६ लाखभन्दा बढी पर्यटक आउने सम्भावना छ', उनले भने ।

## निर्वाचनमा...

चोरी भएको थियो । केही साताको अनुसन्धानपछि चोरीमा संग्लन दुई भारतीय नागरिक जानकी गाउँपालिकाबाट पेस्तोलसहित पक्राउ परेका थिए । यसरी साना हतियारहरु चोरी डकैती, हत्या तथा अन्य अपराधिक क्रियाकलापमा प्रयोग भैरहेको पुष्टि गर्दछ ।

खुला सिमानाका कारण र कमजोर सुरक्षा व्यवस्थापनका कारण बाँकेमा साना हातहतियारहरु सुरक्षा चुनौती बन्दै गएका छन् । जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीले भने, 'चोरी डकैती लगायतका क्रियाकलापमा साना हातहतियारको प्रयोग गरेको देखिन्छ ।' अधिकारीको भनाई छ, 'खुला सिमानाको फाइदा उठाउँदै साना हातहतियारको प्रयोग र ओसारपसार हुने गरेको देखिन्छ, यसले जिल्लामा सुरक्षा चुनौती सधै नै छ तर हातहतियार प्रयोग र ओसारपसार रोक्न हामी लागिरहेका छौं ।'

प्रहरी उपरिक्षक अधिकारीले निर्वाचनलाई भयरहित बनाउन त्यस्ता हतियार चलायमान हुने अवस्थालाई निगरानी गर्दै आएको बताए । बाँके जिल्लामा इजाजत लिएर हतियार राख्ने र नवीकरण गर्नेको संख्या धेरै भए पनि निर्वाचनको बेला त्यस्ता हतियारहरु प्रहरीले संकलन गर्न सकेको छैन । प्रहरीले बारम्बार सार्वजनिक सूचना निकालेर हतियार बुझाउन आग्रह गरे पनि प्रहरी एकाइमा हतियार जम्मा भएको छैन ।

आसन्न निर्वाचन शान्तिसुरक्षा व्यवस्थापनलाई लक्षित गरी जिल्ला प्रशासन कार्यालयले एक सुचना जारी गरी जिल्ला प्रशासन कार्यालयले सुरचना निकालेर घर तथा व्यक्तिसंग रहेका इजाजत प्राप्त हतियार बुझाउन आग्रह गरेको छ । तर कोही कसैले पनि हतियार बुझाएका छैनन् ।

गत वैशाखमा पनि स्थानिय तह निर्वाचनका बेला १० वटा मात्र हतियार प्रहरी एकाइमा जम्मा भएका थिए । जिल्ला प्रशासन कार्यालय बाँकेको तथ्याङ्क अनुसार ५५५ जनाले हतियार राख्न अनुमति लिएका छन । गत आर्थिक वर्ष २०७८/७९ मा एउटा हतियारको नामसारी भएको छ। उक्त अवधीमा १६९ वटा हतियार नवीकरण गरेको प्रशासनले तथ्यांक राखेको छ । प्रशासनले हातहतियार नवीनकरणबाट मात्रै गत आर्थिक वर्षमा पाँच लाख रुपैया राजश्व असुल गरेको छ ।

## पानी...

मदाने गाउँपालिकामा हो । यस क्षेत्रमा प्रतिनिधिसभा सदस्यका लागि सत्तारुढ गठबन्धनको तर्फबाट नेकपा एकीकृत समाजवादी नेतृ रामकुमारी झाँक्री र नेकपा एमालेको तर्फबाट गोकर्ण विष्ट उमेदवार छन् ।

प्रदेशसभा सदस्यका लागि सत्तारुढ गठबन्धनको तर्फबाट नेकपा माओवादी केन्द्रका वुद्धि जिसी र नेकपा एमालेका तर्फबाट दिनेश पन्थी उमेदवार हुन् ।

थाम्का टोलमा रहेको खानेपानीको समस्या केही दिनमै समाधान हुने पुर्कोट दहका वडाध्यक्ष मनिराम थापाले दाबी गरे । उनले अग्लो स्थानमा सानो बस्ती रहेकाले खानेपानी पुर्याउन लिफ्टिङ आयोजना अन्तिम चरणमा पुगेकाले केही दिनमै समाधान हुने जिकिर गरे ।

## सत्ता...

'जहाँ गठबन्धनको विरुद्ध गठबन्धनको उमेदवारी छ । त्यसलाई निस्क्रिय गराउनका लागि अधिकतम प्रयास गर्ने निर्णय गरिएको छ,' बैठकपछि सञ्चारकर्मीहरुसँग संक्षिप्त कुरा गर्दै समितिका सदस्य आचार्यले भने, 'र, त्यसका लागि आवश्यक्ताअनुसार हरेक दलका पार्टीको नेतृत्वलाई आ-आफ्नो तर्फबाट आग्रह गर्ने निर्णय भएको छ ।' बैठकमा नेकपा (एमाले) नेतृत्वको गठबन्धनले चुनावी आचारसंहिता उलंघन गरिरहेको आरोप लगाउँदै निर्वाचन आयोगलाई त्यसबारे सचेत गराउने निर्णय पनि गरेको नेकपा (एकीकृत समाजवादी)का नेता लक्ष्मण केसीले बताए ।


**Roshi Rural Municipality**
**Roshi-07, Kavre**
**Bagmati Province, Nepal**

**NOTICE FOR TENDER PUBLICATION**

**Date of Publication: 2079/07/27**

This is to notify that online invitation for bids is published for following project listed in the E-GP System(https://bolpatra.gov.np/egp) of government of Nepal Bidders can only bid electronically for further details bidders are Requested to visit the project office at Roshi-7,Kavrepalanchok or PPMO' Website https://bolpatra.gov.np/egp

**Contract Details:**

| S. N. | Name of Project | Contract ID | Estimate Amount (With VAT and PS) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|
| 1. | Chaukidada Khaharepagu Road Upgrading,Roshi-07 | RRM/CKRU/W/NCB/05-2079/80 | 1,36,04,000.00 | 3,50,000 | 3000 |
| 2. | Mamti Harkapur Ghyangdada inter Rural Municipality Road Upgrading,Roshi-12 | RRM/CKRU/W/NCB/06-2079/80 | 1,93,84,000.00 | 5,00,000 | 3000 |

**Chief Administration Officer**

**आँधीखोला कृषि तथा पशुपालन फार्म लिमिटेडको**

**तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**(दोस्रो पटक प्रकाशित मिति २०७९।०७।२७)**

**श्री शेयरधनी महानुभावहरु,**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७९।०७।१४ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको तेश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति :- २०७९।०८।१७

समय :- दिनको ११ बजे ।

स्थान :- शेरचन गेष्ट हाउस, पुतलीबजार न.पा. वडा नं. १, स्याङ्जा ।

**छलफलका विषयहरु:**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको आर्थिक बर्ष २०७८।७९ को बार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०७८।७९ को नाफा नोक्सान हिसाब, बासलात तथा नगद प्रवाह विवरण पारित गर्ने सम्बन्धमा ।
३) आ.व. २०७९।८० को लागि लेखापरीक्षक नियूक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४) कम्पनी ऐन २०६३ को दफा ७५ बमोजिम साधारण सभामा भएको काम कारवाहीको विवरण (माइन्युट) मा दस्तखत गर्न १ जना शेयरधनीको नियुक्त गर्ने सम्बन्धमा ।

**(ख) विविध**

*सञ्चालक समितिको आज्ञाले*
*अध्यक्ष*

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. वार्षिक साधारण सभामा मिति २०७८।०९।०८ सम्म शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरुले भाग लिन सक्नेछन् ।
२. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय, पुतलीबजार, स्याङजामा वा कम्पनीको इमेल, project.syanagja@gmail.com मा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ ।
३. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ती सबै भन्दा पहिले प्राप्त भएको हो उसैलाई प्रतिनिधि मानिनेछ तर सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले दिएको प्रोक्सी स्वत: बदर हुनेछ ।
४. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।
५. सभामा भाग लिन इच्छुक शेयरधनीहरुले सरकारी कार्यालयबाट जारी भएको परिचय खुल्ने फोटो सहितको परिचयपत्र साथमा लिई आउनु पर्नेछ ।
६. अन्य कुनै जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, पुतलीबजार, स्याङजामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**मालपोत कार्यालय टीकापुरबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सूचना**

उपरोक्त सम्बन्धमा जिल्ला कैलाली टिकापुर नपा वडा नं. ८ बस्ने सुकिलाल डगौरा थारुको नाती छुन्का डगौरा थारुको छोरा छोटेलाल चौधरीका नाममा दर्ता स्रोता रहेको धनसिहपुर गाविस वडा नं. १ कि नं. ९७ क्षेत्रफल ४-०-०-० रहेको जग्गाको श्रेष्ता कायम गरी छोटेलाल चौधरीको पत्नी काली द. थारुनीले आफ्नो नाममा नामसारी गरी पाउँ भनि ज.ध. प्रमाण पुर्जाको प्रतिलिपि वडा कार्यलयको सिफारिस चालु आ.ब.को मालपोत तिरेको रसिद, नाता प्रमाणीत, मृत्यु दर्ता प्रमाण पत्र नक्सा, फिल्डबुक, प्लटरजीष्टर, नागरिकता प्रमाण पत्रको प्रतिलिपि सहित यस कार्यालयमा मिति २०७९/५/२४ निवेदन दिएकाले उक्त जग्गा निवेदकको माग बमोजिम श्रेष्ता काययमगरी निवेदक काली द. थारुनीका नाममा नामसारी नगर्नुपर्ने कुनै कारण भए वा कसैको हकभोग जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र स-प्रमाण सहित हकदावी गर्न आउनु होला अन्यथा ऐन कानून

**Rapti Municipality**
**Office of Municipal Executive**
**Bhandara, Chitwan**
**Bagmati Province, Nepal**

**Invitation for National Competition Bidding**

**Date of publication: 2079/07/27 (Nov 13, 2022)**

Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan invites **online bids only** under E-procurement system from eligible bidders for the Following Works given below under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S. N. | Contract ID | Works Descriptions | Estimated amount (without VAT) | Bid Security Amount | Last Date of Bid Submission | Date of publication |
|---|---|---|---|---|---|---|
| 1 | 004/Works/NCB/RM/079/080 | Maintenance of Rampur Tandi Irrigation canal Work. | NRs. 1,294,142.01 | NRS. 65,000.00 | 27th Mangsir 2079 (13th Dec, 2022), 12:00 hours | 13th Nov, 2022 |

Bid validity period should be 90 days and Bid security validity period 30 days after bid Opening.
For Purchasing of bid Document, the office Bank Details are Given Below
NRs.: 3000, Bank: NIC Asia Bank Ltd., Account No: 0982050029409002

# नगर प्रहरीलाई गस्ती गर्न साइकल




**एसके विश्वकर्मा**

बाँके । जिल्लाको कोहलपुर नगरपालिकाले कोहलपुर नगर प्रहरीलाई पाँच वटा साइकल वितरण गरेको छ । नगरपालिकाका विभिन्न क्षेत्रमा गस्ती तथा अनुगमन गर्नको लागि नगर प्रहरीलाई पाँच वटा साइकल वितरण गरिएको हो । बिहीबार एक कार्यक्रमका बीच नगरप्रमुख पूर्णप्रसाद आचार्य र उपप्रमुख संगीता सुवेदीले संयुक्त रूपमा नगर प्रहरीलाई साइकल हस्तान्त्रण गरेका थिए ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टीकाराम ढकालले नगरपालिकाको प्रांगणमा पाँच वटा साइकल वितरण गरिएको बताए । उनका अनुसार कोहलपुर नगरपालिकाबाट अब नगर प्रहरीले दैनिक गस्ती र अनुगमन गर्नेछन् । उक्त साइकल खरिद मूल्य हेल्मेट र भ्याट सहित १२ हजार रुपैयाँ रहेको छ । कुल ६० हजार रुपैयाँमा नगर प्रहरीलाई साइकल वितरण गरिएको हो । साइकल हस्तान्त्रण समारोहमा बोल्दै नगरप्रमुख आचार्यले नगरबासीको रक्षा र सुरक्षाका लागि नगर प्रहरीले तीनपटक गस्ती गर्ने बताए ।

उनका अनुसार पछिल्लो समय नगर प्रहरीले कोहलपुरको सुरक्षाको लागि भूमिका खेलिरहेको छ । नगर प्रहरीलाई थप गतिशील बनाउने अभियान समेत हो । नगरप्रमुख आचार्यले नगर प्रहरीले १५ वटै वडामा गस्ती गर्ने बताए ।

साइकल वातावरणमैत्री कार्यका लागि साइकल महत्वपूर्ण रहेको नगर उपप्रमुख सुवेदीको भनाइ छ । पछिल्लो समय कोहलपुर नगर प्रहरी कोहलपुर क्षेत्रमा अनधिकृत रुपमा राखिएका होडिङ बोर्ड हटाउने अभियान थालेको थियो । यस्तै वर्षौंदेखि अव्यवस्थित रूपमा चलिरहेका व्यवसायलाई समेत व्यवस्थापन गर्दै आएको छ ।

यसैगरी मंसिर ४ मा हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा निर्वाचनमा बाँकेमा १ हजार ९ सय ५९ जना म्यादी प्रहरी परिचान गरिएको छ । ती मध्ये ४ सय २८ जना महिला र १ हजार २ सय ३१ जना पुरुष रहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

अहिले उनीहरूले दैनिक दुई सिफ्टमा ड्युटी गरिरहेका छन् । नेपालगञ्ज र कोहलपुरसहित जिल्लाका सबै पालिकामा दैनिक रूपमा म्यादी प्रहरीहरू ड्युटीमा खटिरहेका देखिन्छन् । पछिल्लो समय बाँकेमा चिसो बढ्दै गएको छ । बाँकेमा बिहान र साँझको समयमा चिसो बढ्दै जान थालेको हो । तर उनीहरूले साधारण पोसाकमै ड्युटी गरिरहेका देखिन्छन् । रातीको समयमा पनि विभिन्न स्थानमा उनीहरू ड्युटी गरिरहेका छन् । एक म्यादी प्रहरी चिसो बढ्दे जान थाले पनि साधारण पोसाकमै ड्युटी गरिरहेको बताउँछन् । ती म्यादी प्रहरीका अनुसार रातीको समयमा ड्युटी गर्दा चिसो हुन्छ । न्यानो कपडा नहुँदा आफूहरूलाई समस्या भइरहेको छ ।

कोहलपुरमा खटिएकी एक महिला प्रहरी ड्युटी खटाउँदा आफूहरूलाई स्वीटर, कपडा, दुई जोर मोजा र जुत्ता दिएको बताउँछिन् । बिहीबार साँझ मिसन टुडेसँग कुराकानी गर्दै उनले भनिन, 'दिनभर नेपालगञ्ज गएको थिए । विष्फोटक पदार्थ पहिचान तथा जोखिमसम्बन्धी प्रशिक्षण थियो । अहिले ड्युटी जान लागेको छु । १० बजेसम्म ड्युटी हुन्छ ।' बाँकेमा महिला प्रहरीहरू राती १० बजेसम्म ड्युटी गर्छन् । पुरुषहरू भने रातभर ड्युटी गर्दै आएका छन् । उनीहरू माग छ, 'हामी राज्यको कामको लागि खटिएका छौँ । अहिलेसम्म राम्रै सुविधा पाइरहेका छौँ । तर चिसो बढ्दै गए पनि न्यानो कपडा नहुँदा समस्या भएको छ । न्यानो कपडासहित ज्याकेटको व्यवस्थापन राज्यले गरेको भए राम्रो हुने थियो ।'

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख एसपी श्यामकृष्ण अधिकारी म्यादी प्रहरी पूर्ण रूपमा निर्वाचन केन्द्रित भएको बताउँछन् । उनका अनुसार म्यादी प्रहरीले अहिले दैनिक आठ घण्टा ड्युटी गरिरहेका छन् । हामी चुनाव केन्द्रित हुँदैछौँ । गाउँगाउँमा गस्तीमा समेत खटिएका छन् । अधिकारीले नेपाल प्रहरीले प्राप्त गरिरहेको पोसाक नै उपलब्ध गराइएको बताए । उनी भन्छन्, 'पायक पर्ने स्थानमा खटाएका छौँ । मंसिर १ बाट मतदान केन्द्रमा खटिन्छन् । विस्तारै चिसो बढ्दैछ । धेरै चिसो नभएकोले अहिलेको पोसाकले धान्छ । धेरै चिसो हुने अवस्थामा राज्यले व्यवस्थापन गरिहाल्छ ।'

# उम्मेदवारलाई मतदाता भेट्टाउनै मुस्किल



**सौर्य समाचार**

बागलुङ । कात्तिक महिना किसानलाई बर्खेबाली भित्रचाउन भ्याइनभ्याइ छ । अहिले गाउँका घरहरूको ढोका बन्द गरेर किसान खेतबारीमा व्यस्त भएको सन्दर्भमा उम्मेद्वारलाई भने भोट माग्न हतारो छ ।

किसानलाई धान, कोदो भित्रचाउने चटारोको समयमा निर्वाचनको मिति नजिकिँदै गर्दा उम्मेद्वार मतदाता खोज्दै घरदैलामा पुग्दा उम्मेदवारले अधिकांश मतदातालाई प्रत्यक्ष भेट्टाउन नसकेको जनाएका छन् ।

धान र कोदो मात्रै होइन, वर्षभरि पशु आहाराका रूपमा रहेको पराल र नल थन्काउन किसान व्यस्त रहेको सन्दर्भमा प्रतिनिधिसभा र प्रदेससभाको निर्वाचन नजिकिँदै आएको छ, तर उम्मेद्वारले मतदातालाई भेट्टाउन भने मुस्किल भएको छ ।

किसान खेतबारीमा व्यस्त भएपछि यसपटक उम्मेद्वारले मतदातालाई भोट माग्ने शैलीलाई परिवर्तन गर्न बाध्य भएका छन् । कोणसभा र आमसभामार्फत् आफ्ना चुनावी एजेन्डा प्रस्तुत गर्दै आएका उम्मेद्वारले यसपटकको निर्वाचनमा भने उम्मेद्वारले फरक तरिकाले खेतबारीमै पुगेर भोट माग्न थालेका छन् ।

उम्मेद्वार अहिले मतदाता रहेको स्थल खेतबारीमै पुगेर आफ्ना चुनावी एजेन्डा बताउँदै मत मागेको सामाजिक सञ्जालमा प्रष्ट देखिन्छ । कामको चटारो र निर्वाचन आयोगको निर्वाचन प्रचारप्रसार मापदण्डअनुसार अहिलेका उम्मेद्वार घरदैलो र खेतबारीमै पुग्नुपर्ने देखिएको छ ।

'अहिले सामाजिक सञ्जालको जमाना छ, कुन उम्मेद्वारले कसरी भोट मागिरहेको छ, के एजेन्डा बोकेर गाउँ पसेको छ भन्ने कुरा क्षणभरमै घरमै बसेर थाहा पाइन्छ, गत निर्वाचनमा वडावडामा कोणसभा आयोजना गरी चर्को भाषण गर्ने काम हुन्थे', सामाजिक अगुवा काजी गाउँले श्रेष्ठले भने, 'अहिले भड्किलो प्रचार छैन, घरदैलो र मतदाता भेटघाटमै उम्मेदवार लागेका छन्, यो कामको मौसम भएकाले होला मतदाता किसानले काम गरेकै स्थानमा पुगेको सामाजिक सञ्जालमा देख्न सकिन्छ, अहिले भोट माग्ने शैली पनि फेरिएको पाइयो ।'बागलुङ क्षेत्र नं १ प्रतिनिधिसभाका उम्मेद्वार डा.पाठकले आफ्नो फेसबुक पेजमा खेतबारीमा पुगेर मत माग्दै गरेको, घरमा कोही फेला नपरे चिट्ठी लेखेर छाडेको फोटो तथा भिडियो राख्दै आएका छन् । पाठकले भोट माग्न घरमै पुगेर भिडियोकलमार्फत् अन्य स्थानमा रहेका आफन्तलाई समेत सहयोग गर्न आग्रह गरेका छन् ।

अहिले भोट माग्न गाउँगाउँ पुग्ने क्रममा मतदाताको घर बन्द रहेको पाइएकाले आफूले मतदाता खोज्दै खेतबारीमा पुग्ने गरेको उम्मेद्वार डा.पाठकले बताए । 'अहिले हामीलाई मत माग्ने चटारो छ, मतदातालाई हाम्रो एजेन्डा सुन्नेभन्दा धान तथा कोदो भित्रचाउने चटारो छ, हामीले धान चुट्दै गरेको, धान काट्दै गरेको, दाइँ हाल्दै गरेको कोदो काट्दै गरेको स्थानमै पुगेर भोट मागिरहेका छौँ', उनले भने ।

यस्तै पाँच दलीय गठबन्धबाट बागलुङ क्षेत्र नं १ प्रदेशसभा (२) का उम्मेद्वार नेपाली कांग्रेसका युवानेता डिल्लीराम सुवेदीले सकभर सबै जनताको घरमा पुगेर मत मागेको बताए । 'जनता अब उम्मेद्वार समक्ष होइन, उम्मेद्वार जनतासमक्ष पुग्नुपर्छ भन्ने मान्यताका साथ मतदाताको घर र घरमा फेला नपरे खेतबारीमा पुगेको छु', उम्मेद्वार सुवेदीले भने, 'यसपटकको निर्वाचनमा आमसभाभन्दा घरदैलोमै पुगेर मतदाताको सुख, दुःख बुझ्ने र आफ्ना एजेन्डा बताएर मत मागिरहेको छु ।'

आमसभा र तडकभडक प्रचारभन्दा मतदाता भेटघाट नै प्रभावकारी देखिएको कतिपय उम्मेदवारको बुझाइ छ । बागलुङ क्षेत्र नं २ प्रदेशसभा (१) का गठबन्धनका उम्मेद्वार जित शेरचन तथा सोही क्षेत्रका स्वतन्त्र उम्मेद्वार प्रकाश घर्तीले आफ्नो चुनावी कार्यक्रम घरदैलो केन्द्रित भएको बताए ।

दुई प्रतिनिधिसभा र चार प्रदेशसभा क्षेत्र गरी ६ पदका लागि विभिन्न उम्मेद्वार मतदाता रिझाउन गाउँगाउँमा पुगेका छन् । सत्तारूढ गठबन्धन र एमालेसहित साना दलका उम्मेद्वार मतदाताको घरदैलोमा पुग्दै आएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट बागलुङ क्षेत्र नं १ का उम्मेद्वार बनेका खिमानन्द कँडेलले आफ्नो चुनावी अभियानलाई फरक शैलीमा अगाडि बढाएका छन् । उनले सामाजिक सञ्जालको प्रयोगबाट मत माग्ने कामलाई तीव्रता दिएका छन् भने वडा तहमा आफ्नो चुनावी अभियान पुऱ्याएका छन् ।

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि बागलुङमा गठबन्धन दल तथा स्वतन्त्र उम्मेद्वारले आफ्ना चुनावी एजेन्डा र धारणासमेत सार्वजनिक गर्दै गाउँगाउँ पुगेका हुन् । बागलुङको दुई प्रतिनिधिसभा र चार प्रदेशसभा क्षेत्रमा हुने निर्वाचनका लागि विभिन्न दल तथा स्वतन्त्र उम्मेद्वार गरी ३१ जना चुनावी मैदानमा छन् ।

# काभ्रे २ मा हुमागाईं र बाँस्कोटाबीच रोचक प्रतिस्पर्धा

**सौर्य समाचार**

काभ्रेपलाञ्चोक । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन आउन हप्ता दिन बाँकी छ । चुनाव नकिजिँदै गर्दा काभ्रेपलाञ्चोक प्रतिनिधिसभा क्षेत्र नं २ मा चुनावी प्रचारप्रसार बढ्दै गएको छ ।

यस निर्वाचन क्षेत्रमा पाँच जना स्वतन्त्रसहित १६ जना प्रतिस्पर्धामा रहे पनि मुख्य प्रतिस्पर्धा भने सत्तारूढ गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका शिवप्रसाद हुमागाईं र नेकपा (एमाले)का गोकुलप्रसाद बाँस्कोटाबीच हुने अनुमान गरिएको छ । दुबै प्रतिस्पर्धी आआफ्नै शैलीमा प्रचारप्रसारमा होमिएका छन् । दुवै पक्षले मतदाता आकर्षित गर्नका लागि मतदाताका घरदैलोमै पुगेर भेटघाट गर्न थालेका छन् ।

बाँस्कोटा नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीको निकट मानिन्छन् । केपी शर्मा ओली नेतृत्वको सरकारमा सञ्चार तथा सूचना प्रविधि मन्त्रीसमेत भएका बाँस्कोटाको उम्मेद्वारीले चुनावी माहोल रोचक बनेको छ ।

उनका प्रतिस्पर्धी कांग्रेसका शिवप्रसाद हुमागाईं ०५६ सालमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए भने संविधानसभा निर्वाचन ०६४ र ०७० मा पराजित भएका थिए । साथै, अघिल्लो निर्वाचनमा विश्राम लिएका थिए ।

हुमागाईं र बाँस्कोटालाई दुबै जिल्लामा 'हेभिवेट' उम्मेदवारका रूपमा लिइएको छ । हुमागाईं र बाँस्कोटाले जिल्लामा पार्टीको नेतृत्व गरेको र केन्द्र र जिल्लामा राम्रो जनसम्पर्क रहेकाले यस क्षेत्रमा कडा प्रतिस्पर्धा हुने अनुमान मतदाताबीच छ ।

०३६ मा भएको विद्यार्थी आन्दोलनबाट राजनीतिकयात्रा सुरु गरेका गठबन्धनका उम्मेद्वार हुमागाईं पार्टीका विभिन्न भ्रातृ संगठन हुँदै चारपटक पार्टीको जिल्ला नेतृत्व एवं एकपटक केन्द्रीय सदस्यको नेतृत्व गरेका थिए ।

०३८ सालमा विद्यार्थी अवस्थादेखि नै राजनीतिमा यात्रारम्भ गरेका बाँस्कोटा पार्टीका विभिन्न भ्रातृ संगठन तथा पार्टीको विभिन्न तह हुँदै पार्टीको जिल्ला नेतृत्व गर्दै हाल पार्टीको पोलिटब्यूरो सदस्य छन् ।

०७० सालको संविधानसभा सदस्यमा कांग्रेसका उम्मेद्वार कञ्चनचन्द्र बादे श्रेष्ठसँग पराजित बाँस्कोटा प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन ०७४ मा कांग्रेसका मधुप्रसाद आचार्यलाई पराजित गरी मन्त्रीसमेत भएका थिए ।

अघिल्लो निर्वाचनमा २२ हजार मतान्तरले विजयी भएका बाँस्कोटाको बिरासत तोड्न गठबन्धन दल चुनावी रणनीति बनाएर अघि बढेको छ । हुमागाईंलाई बाँस्कोटाकै गृहनगर मण्डनदेउपरका गठबन्धन दलअन्तर्गत नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य एवं संविधानसभा सदस्य कृष्णप्रसाद सापकोटा, पूर्वसांसद विदुरप्रसाद सापकोटा समेतको साथ छ ।

प्रतिनिधिसभाका लागि क्षेत्र नम्बर १ मा नेकपा (माओवादी केन्द्र)का पोलिटब्यूरो सदस्य तथा पूर्वराज्यमन्त्री सूर्यमान दोङ र एमाले पोलिटब्यूरो सदस्य तथा पूर्वराज्यमन्त्री रेशम लामाबीच मुख्य प्रतिस्पर्धा हुने अनुमान मतदाताबीच छ ।

०४४ मा नेकपा (मसाल)बाट राजनीतिकयात्रा सुरु गरेका दोङ तत्कालीन नेकपा माओवादीको १० वर्षे सशस्त्र युद्धमा सहभागी हुँदै पार्टीका विभिन्न तहको नेतृत्व गरेका थिए ।

०६४ सालको संविधानसभा सदस्य निर्वाचनमा दोङले कांग्रेसका मधुप्रसाद आचार्य र एमालेका संग्रामजित लामालाई पराजित गर्दै निर्वाचित भएका थिए । दोङ ०७० सालको संविधानसभा सदस्य निर्वाचनमा भने नेपाली कांग्रेसका तीर्थ लामासँग पराजित हुनुपऱ्यो ।

यसैगरी ०४७ सालदेखि विद्यार्थी संगठनबाट राजनीति प्रारम्भ गरेका लामालाई एमालेले गठबन्धनका उम्मेदवार दोङसँग प्रतिस्पर्धामा उतारेको हो । राप्रपा, राप्रपा नेपालको विभिन्न तहको नेतृत्व गर्दै ०७० को संविधानसभा सदस्य निर्वाचनमा राप्रपा नेपालबाट समानुपातिक सांसद बनेका लामा केही वर्षअघि मात्रै एमाले प्रवेश गरेका हुन् । उक्त प्रतिनिधिसभा क्षेत्रमा पाँच स्वतन्त्रसहित १७ उम्मेद्वार प्रतिस्पर्धामा छन् ।

जिल्लामा दुई प्रतिनिधिसभा र चार प्रदेशसभा निर्वाचन क्षेत्र छ । प्रतिनिधिसभा क्षेत्र नं १ अन्तर्गत प्रदेशसभा क्षेत्र (१) र (२) मा गठबन्धनका उम्मेद्वार माओवादी केन्द्रका रत्न ढकाल र कांग्रेसका तीर्थ लामा छन् । उनीहरूसँग मुख्य प्रतिस्पर्धी एमालेका दिलीप लामा र चन्द्र लामा छन् ।

यसैगरी प्रतिनिधिसभा क्षेत्र नं २ अन्तर्गत प्रदेशसभा क्षेत्र (१) र (२) मा गठबन्धनका उम्मेद्वार नेकपा (एकीकृत समाजवादी)का लक्ष्मण लम्साल र कांग्रेसका कञ्चनचन्द्र बादे श्रेष्ठ छन् । उहाँहरूसँग मुख्य प्रतिस्पर्धी एमालेका कुमार खकुरेल र कुमार थापा रहेका छन् ।

काभ्रेपलाञ्चोकमा ६ पदका लागि ६४ जनाले उम्मेद्वारी दर्ता गराएका छन् । यसमध्ये दुई महिला र एक दलित उम्मेद्वार चुनावी प्रतिस्पर्धामा उत्रेका हुन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार हाल काभ्रेपलाञ्चोकमा ३१ दल क्रियाशील छन् ।

जिल्लाका १ लाख ५७ हजार ९ सय ४७ पुरुष, १ लाख ५२ हजार १ सय १४ महिला र अन्य दुई मतदाता गरी कुल ३ लाख १० हजार ६३ मतदाताले मतदान गर्नेछन् । १ सय ९० वटा मतदानस्थलका ३ सय ८९ मतदान केन्द्र तोकिएको छ ।

# पाँचथरमा स्थानीय तहको स्वमूल्यांकन गर्न जिससको पहल



**कृष्ण ओझा**

पाँचथर । जिल्लाको आट वटै पालिकाको प्रतिनिधित्व रहने गरी स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन र वित्तीय सुशासन जोखिम मूल्यांकनको अभिमुखीकरण शनिबार फिदिममा सम्पन्न भएको छ । प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान केन्द्र प्रदेश-१ को सहजीकरण र पाँचथर जिल्ला समन्वय समितिको आयोजनामा अभिमुखीकरण भएको हो .

उक्त कार्यक्रममा स्थानीय सरकारको सार्वजनिक सेवा प्रवाहको अवस्थादेखि आर्थिक पारदर्शितासम्मको कुराहरू समावेश गरिएको थियो । कार्यक्रममा स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि २०७७ र वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि २०७७ ले तोकेको सय/सय वटा सूचकहरू अनुसार काम भए नभएको मूल्यांकन गरी आआफ्नो पालिकाको स्वमूल्यांकन गर्नका लागि कर्मचारीहरूलाई दुईदिने अभिमुखीकरण तालिम दिएको जनाइएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको लागि यो कार्यविधि तयार गरिएको हो । आगामी दिनहरूमा व}देशिक सहायता तथा संघीय सरकारको अनुदान पनि क्रमशः यसै मूल्यांकनलाइ{ आधार मानि विनियोजन हुनेछ । र विभिन्न आयोजना सञ्चालनको लागि लिजाको मूल्यांकनलाइ{ एउटा आधार मानी कम अंक ल्याउनेलाई सहभागी नगराउने पक्रिया सुरु भएको कुराको समेत जानकारी गराइएको थियो ।

कार्यक्रम उद्घाटन तथा समापन समारोहमा जिल्ला समन्वय समिति प्रमुख रामराज आङदेम्बे, उपप्रमुख याम कुमार आङवो र प्रदेश स्थानीय शासन विग्य अनिता ढुंगाना र सहभागीको तर्फबाट फिदिम नगरपालिका प्रशासन सहायक पाँचौं तथा लिजा फोकलपर्सन सरस्वती सिवाकोटीले मन्तव्य राखेका थिए । भने यस कार्यक्रमको सहजीकरण नि. जिल्ला समन्वय अधिकारी अनिल तिखत्री र जिसस नायब सुब्बा दुर्गा सम्बाहाम्फेले गरेका थिए । प्रत्येक पालिकाबाट फोकल पर्सन, लेखा शाखा, कम्प्युटर इन्जिनियर र योजना शाखा प्रमुखहरूको उपस्थिति रहेको थियो ।

# कुश्मा–बलेवा यान्त्रिक पुल एक हप्ताका लागि बन्द



**सौर्य समाचार**

पर्वत । पर्वतको र बागलुङको बलेवा जोड्ने गरी निर्माण गरिएको केबुलकार मोडेलको यान्त्रिक पुल केही दिन बन्द हुने भएको छ ।

पुलको नियमित मर्मतका लागि शनिबारदेखि झण्डै एक साताका लागि बन्द गरिने कम्पनीले जनाएको छ । पुलको दुवै भागमा रहेका लठ्ठा, डब्बा तथा अन्य मेसिनरी सामानको नियमित मर्मत तथा सफाइका लागि बन्द गरिने कुश्मा-बलेवा यान्त्रिक पुल लिमिटेडका सञ्चालक केदारनाथ शर्माले जानकारी दिए । पर्वतको सदरमुकाम कुश्माबाट बागलुङ नगरपालिका-१४ बलेवासम्म जोडिएको उक्त पुलबाट दैनिक पाँच सय सर्वसाधारण आवातजावत गर्दै आएका छन् । पुलका डब्बा तान्न प्रयोग हुने मसिना लठ्ठा १/१ वर्षमा परिवर्तन गर्नुपर्ने भएकाले बन्द गर्नुपरेको शर्माले बताए । तर यसपटक लामो समयपछि मात्रै मर्मत गर्न थालिएको हो ।

यान्त्रिक पुल बन्द हुँदा दुवै क्षेत्रका सर्वसाधारण एक घण्टाको घुमाउरो बाटो यात्रा गरी बडागाउँ-कैया झोलुंगेपुल वा शुल्क तिरेर बन्जी पुलबाट आवतजावत गर्नुपर्ने बाध्यता सिर्जना भएको छ । यो पुल दक्षिणी बागलुङका एक दर्जन गाउँका बासिन्दाले प्रयोग गर्दै आएका छन् । पुल हेर्न आन्तरिक तथा बाह्य पर्यटकसमेत आउने गरेका छन् ।

०६८ सालमा करिब चार करोडको लागतमा बनाइएको यो पुलबाट एक डब्बामा एकपटकमा आठ जना गरी दुईमा १६ जना मानिस आवातजावत गर्दै आएका छन् । पुलका कारण स्थानीयलाई यात्रामा सहजता हुनुका साथै सदरमुकाम कुश्माबजार र छिमेकी जिल्ला बागलुङको बलेवा क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढ्दै गएको छ । पुल प्रयोग गर्नका लागि स्थानीयवासी र अन्य यात्रुका लागि छुट्टाछुट्टै शुल्क निर्धारण गरिएको छ ।

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# मतदातामा निराशा

मतदानको मिति नजिकै आइसक्दा पनि यसपटक चुनावी रौनक देखिएको छैन । मतदाताहरू खासै उत्साहित छैनन् । ठूला दलका शीर्ष नेताहरूले संवोधन गर्ने सभाहरूमा ह्वीप लगाएर कार्यकर्ताको भिड उतारिएबाहेक अधिकांश चुनावी सभामा मतदाताको सहभागिता देखिएको छैन । गाउँ घर तथा सहरका गल्लीहरूमा घुम्दासमेत चुनावी रौनक आएको महसुस गर्न सकिने अवस्था छैन । कसैलाई टेलिफोन गर्दा रिङटोनमा बज्ने घण्टी तथा मिडियाहरूमा आएका समाचारबाहेक चुनाव आउन लागेको महसुस मतदाताले गरेका छैनन् । पटकपटक सत्ता संहालेका नेताहरू समेत दुई/चार जना मान्छे मात्रै लिएर घरदैलो गरेको देखिन्छ । उनीहरूको कुरा मतदाताले पनि खासै चासो दिएर सुन्ने गरेका छैनन् । विगतको तुलनामा तडकभडकपूर्ण प्रचार छैन । यो राम्रो पक्ष हो । तर, चुनावजस्तो सबैभन्दा महत्वपूर्ण र अपिरहार्य पर्वप्रति जनताको चासो घट्दै जानु, जुन पार्टी पनि उस्तै त हुन् नि भन्ने अभिव्यक्ति जनताको मुखबाट आउनु लोकतन्त्रका लागि अशुभ संकेत हो । पार्टीहरू प्रभावकारी नभएसम्म बहुदलीय संसदीय व्यवस्था संस्थागत हुँदैन । साविकका पार्टीहरूप्रति जनताको रुची घट्दै जाने तर नयाँ पार्टीहरू प्रभावकारी ढंगले स्थापित हुन नसक्ने अवस्था भयो भने बहुदलीय संसदीय व्यवस्था अघि बढ्न सक्दैन । दुर्भाग्यबस त्यही बाटोतिर मुलुक अघि बढिरहेको छ ।

मतदानको मिति आउन अब एक साता मात्रै बाँकी छ । त्यसमा पनि पछिल्ला तीन दिन चुनावी प्रचारप्रसार गर्न मिल्दैन । अब प्रमुख दलहरूका लागि जनताबीच पुग्ने समय अत्यन्त कम छ । अहिलेसम्म जे जस्ता नारा, कार्यक्रम तथा भाषण लिएर प्रमुख दल तथा तिनका उम्मेद्वार जनताकहाँ पुगेका छन्, त्यसले मतदातालाई भड्भाउनेबाहेक केही गरेको छैन । सधैँ एउटै भाषण र नारा लिएर भोट माग्न आउने तर आफ्ना प्रतिवद्धता पूरा नगर्ने बासीअनुहारप्रति जनता वाक्कदिक्क भइसकेका छन् । उम्मेद्वारलाई मात्रै होइन दलहरूलाई समेत जनताले बासी भन्न थालेको अवस्था छ । व्याक्तिको विकल्प सहज हुन्छ तर पार्टीको विकल्प सहज हुन्न । पार्टी बन्न र स्थापित हुन दशकौँ वर्ष लाग्छ । नेपालका विद्यमान प्रमुख पार्टीहरू त सात दशकभन्दा लामो इतिहास पार गर्दै अनेक उतारचढाव बेहोरेका पार्टी हुन् । जनअधिकार स्थापित गर्नका लागि ठूलो संघर्ष गरेका पार्टी हुन् । यस्ता पार्टीप्रति त जनताको चाख खतरनाक ढंगले घटिरहेको छ भने विकल्प दिन्छौँ भन्दै आउने पार्टीहरू त पानीको फोकाजस्तै बिलाउने खतरा छ ।

उदाहरणका लागि गत आमनिर्वाचनका विकल्प दिने भन्दै उदाएका विवेकशील साझा पार्टीप्रति जनताको सहानुभूति राम्रै देखियो । तर पाँच वर्ष बित्दानबित्दै यो पार्टीको नामोनिशान छैन । पार्टीका अध्यक्ष स्वयं अर्को पार्टीमा प्रवेश गरेर उम्मेद्वार बनेको अवस्था छ । ०६४ सालदेखि तराईको मधेसी बाहुल क्षेत्रमा बैकल्पिक शक्तिका रूपमा उदाएका मधेसी दलहरू क्रमशः खिइँदै खिइँदै यतिबेला अस्तित्व रक्षाका चरणमा पुगेका छन् । यसपटकको चुनावमा नयाँ पार्टीका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीको नाम अधिकांश क्षेत्रका मतदाताले लिएको देखिएको छ । यो नयाँ पार्टीले चुनाव जित्ने मत ल्याउन सक्ला या नसक्ला, के कति सिट हासिल गर्ला ? त्यो त परिणामले नै देखाउँछ । तर, साविकका राजनीतिकदलहरू प्रति जनता के कति वाक्कदिक्क बनेका रहेछन् ? भन्ने कुरा स्वतन्त्र पार्टी तथा केही निर्वाचन क्षेत्रमा स्वतन्त्र उम्मेद्वारको पक्षमा आएको लहरले पनि पुष्टि गरेको छ । प्रमुख दलहरूले गलत उम्मेद्वार खडा गरेको निर्वाचन क्षेत्रमा जनता विकल्पका लागि उन्मुख हुनु स्वभाविक हो, हुनु पनि पर्छ । तर, ठूला दलले असल उम्मेद्वार खडा गरेका कतिपय निर्वाचन क्षेत्रमा समेत स्वतन्त्र तथा स्वतन्त्र पार्टीका पक्षमा लहर आउनु भनको गम्भीर संकेत हो । प्रमुख दलहरूका लागि सच्याउने ठाउँ अझै छ । आमनिर्वाचनपछि नयाँ र युवा उम्मेद्वार प्रधानमन्त्री बन्ने सन्देश लोकतान्त्रिक बाम गठबन्धन र वाम दक्षिणपन्थी गठबन्धनले यथाशीघ्र नदिने हो भने आफ्नो हातबाट अवशर गुम्छ भन्ने हेक्का ठूलादलहरूले राख्नै पर्छ । शेरबहादुर, प्रचण्ड या यस्तै यस्तै बासी अनुहारलाई भावी प्रधानमन्त्रीका रूपमा देख्न मतदाता तयार छैनन् भन्ने स्पष्ट संकेत देखिएको छ ।

# उपेक्षित महाकुलुङ र मेरापिक राष्ट्रिय निकुञ्ज



निनाम लोवात्ती

'मेरा पिक राष्ट्रिय निकुञ्ज' र 'उपेक्षित महकुलुङ (भूमि !)' बारे पछिला समयमा थोरै भए पनि चर्चा सुरु भएको छ । राष्ट्रिय मिडियामा पनि यो मुद्दाले ठाउँ पाउन थालेको छ । हुन त कुलुङ जाति नेपालकै प्राचीन महाजाति किराँत भित्रको एक जाति हो । तापनि 'आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान-२०५८' अनुसार भने कुलुङ जातिलाई आदिवासी जनजाति सूचीमा सूचीकृत गरिएको छैन । यसरी अनेक कारणहरूले गर्दा हालसम्म राज्यले कुलुङ जातिलाई अलग्गै जातिको मान्यता दिएर सूचीकृत नगरेको भए तापनि यो लेखमा नेपालका प्राचीन जातिमध्ये किरात महाजाति भित्रका एक जाति (समुदाय) कुलुङ जातिको उत्पत्ति-थलो, इतिहास, उनीहरूको जीवनचक्र, भाषा, भेषभुषा, रहनसहन, गरगहना, परम्मपरगत कानुन, चालचलन आदिका बारेमा छोटोमा चर्चा गरिनेछ ।

कुलुङ जातिको ऐतिहासिक भूमि अर्थात् उत्पत्ति-थलो 'महाकुलुङ' हो । यो भूगोल हालको भगौलिक विभाजनअनुसार एक नम्बर प्रदेशको सोलखुम्बु जिल्लाको उत्तर-पूर्वी क्षेत्रमा पर्छ । 'महाकुलुङ' क्षेत्रमा तत्कालीन छेस्खाम/छेस्काम, बुङ, गुदेल, सत्तो/सोताङ, पावै गाविसहरू पर्छन् । पछिल्लो संरचनाअनुसार यी भू-क्षेत्र महाकुलुङ गाउँपालिका र सोताङ गाउँपालिका पर्छ । स्मरणीय छ, हिन्दु धर्म-दर्शन र मिथकअनुसार पनि किरातीहरूको इतिहास देउताको पालाभन्दा अघिदेखिको देखिन्छ । जस्तै हिन्दू धर्म ग्रन्थ महाभारतमा किरातीहरूका बारेमा उल्लेख हुनुलाई लिन सकिन्छ । त्यस्तै कुलुङ समुदायको जीवनचक्रअनुसार यति बेला किरात संवत् (यले दोङ-५०८२ चल्दैछ । विक्रम संवत्को पहिलो महिनाको नाम वैशाख भनेझैँ कुलुङ समुदायको जीवन-चक्रअनुसार पहिलो महिनाको नाम 'चाक्चाकूर' हो । यो महिना विक्रम संवतको पुस १५ देखि माघ १५ सम्म पर्छ ।

स्वदेशी तथा विदेशी विद्वानहरूले लेखेको किताबमा सोलुखुम्बु जिल्लामा अवस्थित छेस्खाम, बुङ, गुदेल, (सत्तो) सोताङ र पावैलाई 'महाकुलुङ' भनेर लेखेको भेटिन्छ । यसरी हेर्दा अरू जातिभन्दा भिन्न जातीय स्वपहिचान, ऐतिहासिक भूमि, मातृभाषा, भेषभुषा, धर्म, संस्कार, संस्कृति, रीतिरिवाज, चालचलन, रहनसहन, परम्परागत कानुन, परम्परागत मूल्य-मान्यता, हामी भन्ने भावना भएको कुलुङ जातिलाई राज्यले भने हालसम्म अलग्गै जातिको रूपमा मान्यता दिएको छैन, उनीहरूलाई एककिसिमले भन्ने हो भने जबरजस्ती 'राई !' जातिमा गाभिएको छ । नढाँटी भन्ने हो भने, 'महाकुलुङ'का यी कुलुङे'हरूको सुखद्भन्दा पनि दुःखद् कथा-व्यथाहरू नै धेरै छन् । आधुनिकतासँगै आएको भौतिक पूर्वाधार नयाँनयाँ चिजबिज र निर्माणका अन्य वस्तुहरूलाई तिलाञ्जली दिने हो भने महाकुलुङ क्षेत्रका कुलुङहरू जे कुरोमा रमेका छन्, त्यसैलाई सुखद् अवस्था मान्दा फरक पर्दैन । हुन पनि विगतमा (खासगरी भूमि सुधार ऐन-२०२१ आएपछि जिमीभूमि व्यक्तिको नाममा दर्ता गर्ने प्रचलन सुरु भएसँगै) 'कुलुङ' जातिलाई 'कुलुङ'भन्दा पनि कुलुङ 'राई !', अथवा 'राई !' भनेर चिन्न थाल्यो/थालियो । त्यसमा हाम्रो (कुलुङहरूका) आफ्नै, राज्य र अरू जातजातिको पनि केही न केही कमी कमजोरीहरू रह्यो । यो कुरो हामीले स्वीकार गर्नुपर्नेहुन्छ । विसं २०४६ को राजनीतिक परिवर्तनसँग-सँगै नेपालका विभिन्न जातजाति र भाषाभाषीका सम्बन्धमा राज्यको नीति पनि केही खुकुला बन्यो भन्न सकिन्छ ।

फलतः सो राजनीतिक परिवर्तनसँगै नेपालका आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम, महिला, पिछडिएको क्षेत्र, मजदुर, तेस्रो लिंगी आदिले पनि संगठित भएर आफ्नो हकअधिकारका लागि केही न केही गर्न सके, लागी परे । त्यस्तै कुलुङ जातिका अगुवाहरू पनि लागी परे, उनीहरूले गरेको अथक संघर्ष एवम् जातीय स्वपहिचानको आन्दोलनको फलस्वरूप विसं २०६८ मा भएको ११औँ राष्ट्रिय जनगणनाको तथ्यांकमा कुलुङ जाति पनि 'कुलुङ' भनी अलग्गै जातिका रुपमा आए । 'राई !' अथवा कुलुङ 'राई !' नभनी-नलेखी 'कुलुङ' मात्रै भनी नेपालका अन्य जात वा जातिसरह अलग्गै जातिका रूपमा आए । सो जनगणनाअनुसार कुलुङ जातिको जनसंख्या २८ हजार ६ सय १३ आएको छ भने कुलुङ मातृभाषा वक्ता संख्या ३३ हजार १ सय ७० आएको छ । सोही आधारमा नै केन्द्रीय तथ्यांक विभाग (केतवि) ले गएको १२औँ राष्ट्रिय जनगणनामा पनि कुलुङ जातिका लागि अलग्गै जातिगत र भाषागत कोड उपलब्ध गराएको थियो । केन्द्रीय तथ्यांक विभागले गएको १२औँ

**'महाकुलुङ क्षेत्र'को गुदेल गाउँमा आन्तरिक विमानस्थल बनाउका लागि गृहकार्य स्वरूप सर्भेसमेत भइसकेको छ । त्यस कामका लागि वातावरणीय प्रभाव मूल्यांकनका लागि सूचनासमेत जारी भइसकेको छ, अर्को भनेको निकट भविष्यमै ' महाकुलुङ क्षेत्रको अधिकांश भूमि'लाई समेटेर 'मेरा पिक राष्ट्रिय निकुञ्ज' घोषणा हुँदै छ । यसरी हेर्दा सोलुखुम्बु जिल्ला दुई वटा निकुञ्ज र पाँच वटा विमानस्थल भएको जिल्लाको रूपमा पनि चिनिँदै छ**

राष्ट्रिय जनगणनाका लागि कुलुङ जातिलाई उपलब्ध गराएको 'जातिगत कोड-६२' र 'मातृभाषागत कोड-२९' थियो ।

'महाकुलुङ क्षेत्र'को गुदेल गाउँमा आन्तरिक विमानस्थल बनाउका लागि गृहकार्य स्वरूप सर्भेसमेत भइसकेको छ । त्यस कामका लागि वातावरणीय प्रभाव मूल्यांकनका लागि सूचनासमेत जारी भइसकेको छ, अर्को भनेको निकट भविष्यमै 'महाकुलुङ क्षेत्रको अधिकांश भूमि'लाई समेटेर 'मेरा पिक राष्ट्रिय निकुञ्ज' घोषणा हुँदै छ । यसरी हेर्दा सोलुखुम्बु जिल्ला दुई वटा निकुञ्ज र पाँच वटा विमानस्थल भएको जिल्लाको रूपमा पनि चिनिँदै छ । हालसम्म कुलुङ जातिलाई 'राई' जातिका चिनिने गरिएको भए तापनि विगतमा 'राई' शब्दले नेपालका कुनै 'जात' वा 'जाति' वा नजनाएर 'पद', 'पदवी' वा 'पगरी' मात्रै जनाउँथ्यो भने 'राई' शब्दको व्युत्पत्ति 'राया'/'राय'/'राइ' हो । 'राया'/'राय'/'राइ' भन्नाले ऊ वेला कर्णालीतिर 'राजा' भन्ने अर्थ जनाउँथ्यो । तर, नेपालको भगौलिक एकीकरणपछि शासकहरूले पूर्वका किरातीहरू, जो असलीयतमा खम्बुका सन्तानहरू थिए, उनीहरूलाई 'राया'/'राय'/'राइ'/'राई' पद, पदवी वा अथवा भनौँ पगरी दिएर छोटे राजासरह मान्ने प्रचलन सुरु भयो । त्यसैले यसबारेमा पछि थाहा भएपछि कुलुङ जातिले आफ्नो समुदाय 'राई' जाति नभएर अलग्गै जाति हो, त्यसैले कुलुङ जातिलाई अलग्गै कुलुङ जाति भनी जाति आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ को दफा दुई (क) अनुसार छुट्टै जातिको रूपमा सूचीमा सूचीकृत गरियोस् भनी आन्दोलन र जनवकालत गर्दै आएको हो । यसरी जनवकालत र आन्दोलन गरेको पनि लगभग २२ वर्ष भइसकेको छ । डाक्टर हर्क गुरुङका अनुसार कुनै पनि जातिको 'जाति हुने पहिलो आधार भनेको उसको मातृभाषा हो ।' यस हिसाबले हेर्दा कुलुङ जातिको पनि नेपालका अन्य जातिहरूको जस्तै अलग्गै मातृभाषा छ । त्यस्तै कुलुङ जातिभित्रै विभिन्न भाषिकाहरू पनि छन् । कुलुङ जातिको ऐतिहासिक भूमि 'महाकुलुङ' छ भन्ने त माथि नै वर्णन गरीएको छ । जसरी नेपालका अरू जातजातिमा आफ्नै जातिभित्र विवाहवारी गर्ने प्रचलन छ, त्यसरी नै कुलुङ जातिभित्रै विवाहवारी गर्ने प्रचन छ । किनभने, कुलुङ जातिभित्रै ३ सय ८० भन्दा बढी थर/उपथरहरू छ । तापनि दुःखका साथ भन्नु पर्दा हालसम्म पनि कुलुङ जाति नेपालका अन्य जातिसरह अलग्गै जाति हुन नसकेको अवस्था विद्यमान छ । यसरी हेर्दा महाकुलुङ क्षेत्रमा भाषा, संस्कार, संस्कृति, रीतिरिवाज, भेषभुषा, रहनसहन, गरगहना, कला, संस्कृति आदि जीवित रहे तापनि आधुनिक विकासले भने महाकुलुङ क्षेत्रमा अपेक्षित रुपमा गति लिन सकेको छैन ।

विभिन्न कालमा (नेपालको भौगोलिक एकीकरणपछिको राणाकाल, पञ्चायतकाल, प्रजातन्त्रकाल र, हालसम्म पनि) यहाँका कुलुङ जातिका जनताहरू अन्य जातजातिका अगुवा र विभिन्न राजनीतिक दलको भोट बैंक मात्रै बनीरहेको अवस्था छ । मान्छेले झट्ट सुन्दा र पढ्दा नमीठो लागे तापनि शिक्षा र चेतनाको स्तरमा पनि अन्यत्रका कुलुङहरूभन्दा महाकुलुङका कुलुङहरू पछाडि नै रहेका छन् । राजनीतिक रूपमा हेर्दा अहिलेसम्म माओवमादी केन्द्रको प्रदेशस्तरमा एक जना सचिव मात्रै बन्न सकेको देखिन्छ, कुलुङ समुदायबाट । संभवतः नेपालबाट यो नै ठूलो राजनीकि पद प्राप्त भएको मान्नुपर्ने हुन्छ, कुलुङ समुदायले । हुनत कतिपय आफ्नो असली जातीय स्वपहिचान कुलुङले भन्दा पनि पद, पदवी वा पगरी नै भए तापनि राईले नै चिनिन चाहने कुलुङहरू पनि थुप्रै भएकाले आफूलाई कुलुङ वा कुलुङ राई नभनेर राई राई मात्रै लेखेकाहरू हुन सक्छन् । जस्तै नेपाली महिला फुटबलमा एक जना कुलुङ चेली हुनुहुन्छ । उहाँको नाम 'प्रीति कुलुङ' हो । तर, उहाँ आफूलाई 'प्रीति कुलुङ'भन्दा पनि'प्रीति राई'ले नै चिनाउन चाहनुहुन्छ । त्यसैले उहाँ आफू राई मात्रै लेख्नुहुन्छ, भन्नुहुन्छ ।

जे होस्, अँध्यारोमा नै उज्यालोको संकेत भेट्न सकिन्छ भनेझैं महाकुलुङका युवापुस्ता भने आफ्नो गाउँठाउँको विकासका लागि लागी परेका छन् । विभिन्न राजनीतिक दलमा संगठित भएका छन् । तत्कालीन छेस्खाम गाविस-१ का पुराना र चल्तापूर्जा गाउँस्तरका कुलुङ समुदायका नेता, समाजसेवी तथा स्थानीयस्तरको शासक 'राई !' पदवी वा पगरी पाएका नरमान डोपोचो कुलुङ पञ्चायतकालमा हुने विभिन्न चुनावहरूमा भोट माग्न आउने तल्लो भेगका नेता तथा कार्यकर्ताहरूले कुलुङ समुदायलाई हेपेर 'आयो है कुलुङे भाङ्ग्रेहरूको गाउँ !' भनेको अझै पनि झल्झली सम्झन्छन् । त्यो वेला तल्लो भेगका मान्छेहरूले त्यसरी 'कुलुङे भाङ्ग्रेहरू !' भन्दा कुलुङहरू हाल कथित् 'दलित' भनिने जातका मान्छेभन्दा पनि सानो र तल्लो जात पो हो कि ? भनी आत्मग्लानी भएको सम्झन्छन् । तर, भोट भने, त्यसरी कुलुङ समुदायलाई हेपेर वा होच्याएर 'कुलुङे भाङ्ग्रेहरू !' भन्नेहरूलाई नै दिएर जिताएको पनि अचम्म मान्दै विगत सम्झन्छन्, नरमान डोपोचो । जे भए तापनि महाकुलुङ क्षेत्रका नयाँ पुस्तामा भने धेरै नै चेतना र जागरण आई सकेकोमा नरमान गर्व नै गर्छन् । उनी थप्छन्, 'अबका युवा पुस्ताले महाकुलुङलाई जिल्लास्तरमा मात्रै नभएर राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउने र विकास निर्माणको पथमा डोर्‍याउने छन् ।' तर, यसका लागि 'महाकुलुङका कुलुङ अगुवाहरू खासगरी राजनीतिकर्मीहरूले राजनीति, राजनीतिक दल, विकास कसको दलले र कसले ल्याएको भन्ने निहुँ, कसले कसलाई र किन सम्मान गर्ने/नगर्ने ? भन्ने र, अन्य सामान्य निहुँमा एकआपस्तमा झैझगडा गरिन्नु हुन्न, मारपिटमा उत्रनु हुन्न ।

# महेश बस्नेतलाई यो चुनाव चनाको च्युरा



अनुषा थापा

**०५० सालसम्म बस्नेत परिवारको अवस्था एकदमै नाजुक थियो । आफ्नो खेतमा फलेको अन्नले पुग्ने अवस्था थिएन । बस्नेत गरिब परिवारमा जन्मिएका व्यक्ति हुन् । तर, अहिले उनको सम्पत्ति भनिसाध्य छैन । वडाध्यक्ष हुँदै मन्त्री र सांसद्सम्म आइपुगेका उनको सयौं ठाउँमा घरजग्गा भएको बताइन्छ । व्यावसायिक क्षेत्रमा पनि उनको धेरै लगानी भएको यहाँका स्थानीयहरू बताउँछन् । देश र विदेशी बैंकमा उनले प्रशस्तै पैसा राखेको बताइन्छ । यो सम्पत्ति कहाँबाट आयो ? गुण्डागर्दी पृष्ठभूमिबाट आएका उनले पहिलेपहिले व्यवसायीहरूलाई थर्काएर हप्ता उठाउँथे**

भक्तपुर क्षेत्र नम्बर २ मा अझै पनि चुनावी माहौल तातेको छैन । ०७४ मा महेश बस्नेतको पक्षमा भोट माग्नेको संख्या टन्नै थियो । चुनाव प्रचारप्रसार गर्न नेकपा एमालेका कार्यकर्तालाई भ्याइनभ्याइ थियो । तर, अहिले त्यस्तो छैन । हिजो जो बस्नेतको अघिपछि हिँडेका थिए आज तिनीहरूले नै उनलाई समर्थन गरेका छैनन् । एमालेको चुनावी प्रचारप्रसारमा पनि त्यति रौनक छैन ।

०७४ सालमा माओवादी र एमाले मिलेर चुनाव लडेको थियो । एमालेले चुनाव जित्छ भन्ने पक्कापक्की भएपछि उनको अघिपछि लाग्नको लागि दौडधुप चलेको थियो । आफ्नो छोराछोरीलाई जागिर लगाउन, ठेक्कापट्टा आफ्नो हातमा पार्न र सरकारी र गुठीको जग्गा आफ्नो नाममा ल्याउनका लागि सबै जना बस्नेतकै पछि लागे । होटल व्यवसायी, उद्योग व्यवसायी, भू-माफिया, सहकारी सञ्चालक, निर्माण व्यवसायी सबै उनकै समर्थनमा जुटेका थिए ।

बाहिरी जिल्लाबाट आएर यो क्षेत्रमा जग्गा किनेर घर बनाएका नयाँ बस्तीहरूले पनि एमालेको झण्डा बोके । बस्नेतले त्यतिखेर थुप्रै आश्वासन बाँडेका थिए । आफ्नो स्वार्थ पूरा भएका र फाइदा लिन सकेकाहरू अझै पनि उनको पछाडि लागेका छन् । तर, आश्वासन मात्र पाएकाहरूले उनलाई चोर भन्न थालेका छन् । पहिले गर्दिछु भनेर भोट लिए तर पछि फर्किएर पनि हेरेनन् ।

अहिले उनीहरूले महेश बस्नेतलाई भोट पनि दिँदैनन् । उनको घरदैलो कार्यक्रममा पनि सहभागिता जनाएका छैनन् । यो क्षेत्रका जनताहरू बस्नेतले चुनाव हार्छ भनेर खुलेर भन्न थालिसकेका छन् । चुनाव नजित्नुको पछाडि थुप्रै कारण छ । एकातिर पाँच दल एक गठबन्धन भएको छ अर्कोतिर पाँच वर्षमा बस्नेतले विकासका लागि सिन्को पनि भाँचेका छैनन् ।

खाली खेतीयोग्य जमिन प्लानिङ गर्ने बाहेक अरू केही नै काम भएन् । पाँच वर्ष सांसद्को कार्यकाल फजुलमा खेर फाले, उनले । १० वर्ष अगाडि यो क्षेत्रमा धेरै खेतबारी थियो । सबैतिर हरियाली थियो । तर, अहिले सबैतिर घर ठड्याइएको छ । प्लटिङ भएको छ । जग्गा धनीसँग आनाको दुई लाखमा किनेर खण्डीकरण गर्ने काम भयो । टुक्राटुक्रा बनाउँदै आनाको ५० लाखमा बेच्ने कार्य भयो ।

गुठीका जग्गा, सरकारी र सार्वजनिक जग्गा सबै व्यक्तिको नाममा गइसकेको छ । पार्टीपौवा, चौतारा, ढुंगेधारा, ताल, पाखेरी, मठमन्दिर, आर्यघाट सबै मासियो । सरकारी सम्पत्ति मासेर भवन ठड्याइएको छ । आफ्नो क्षेत्रमा भएको सरकारी सम्पत्ति कुन अवस्थामा छ ? उनले खोज्नका निम्ति कहिले चासो देखाएनन् । ०६४ सालमा यो क्षेत्रमा नेपाल मजदुर किसान पार्टीले चुनाव जितेको थियो ।

त्यसअघिको चुनावमा नेपाली कांग्रेसले जितेको थियो । कांग्रेसको किल्ला क्षेत्र हो, यो । कांग्रेस र नेमकिपाले यसरी खेतीयोग्य जमिनलाई प्लटिङ गर्न दिएका थिएनन् । कृषियोग्य जमिनमा घर निर्माणका कार्य अघि बढायो भने जनता भोकभोकै मर्छन् भनेर यी दुई पार्टीले जमिन बचाएर राखेका थिए । बाहिरको मान्छे पनि भित्र्याउन नहुने र पूराना जनतालाई पनि विस्थापन हुन दिने मान्यता दुई दलको थियो ।

जग्गा बेच्नेबित्तिकै पूराना बासिन्दा सबै विस्थापन हुन्छन् भन्ने उनीहरूले पहिलै सोचिसकेका थिए । पूराना स्थानीयमध्येमा नेमकिपा र कांग्रेसको सदस्यता मात्र थियो । एमालेको नामोनिशान थिएन । तर, जब उनीहरूले जग्गा बेचे त्यसपछि धमाधम बाहिरी जिल्लाका मान्छे भित्रिए । नयाँ आउने जति सबैले

**खाली खेतीयोग्य जमिन प्लानिङ गर्ने बाहेक अरू केही नै काम भएन् । पाँच वर्ष सांसद्को कार्यकाल फजुलमा खेर फाले, उनले । १० वर्ष अगाडि यो क्षेत्रमा धेरै खेतबारी थियो । सबैतिर हरियाली थियो । तर, अहिले सबैतिर घर ठड्याइएको छ । प्लटिङ भएको छ । जग्गा धनीसँग आनाको दुई लाखमा किनेर खण्डीकरण गर्ने काम भयो ।**

एमालेको सदस्यता लिए । नचाँहदा नचाँहिदै पनि एमाले बन्नुपर्ने बाध्यता थियो, उनीहरूलाई ।

एमाले नबनिकन राज्यबाट पाउनुपर्ने सेवासुविधा नै नदिने । सेवासुविधाका लागि पनि एमालेको सदस्यता लिनैपर्ने । धारा, बिजुली, ढल, बाटोलगायतका सेवासुविधा पाउनका लागि पार्टी नै बदल्नुपर्ने बाध्यता बस्नेतले पारेका थिए । कांग्रेस र नेमकिपाप्रति आस्था राख्नेहरू जग्गा बेचेर अन्य जिल्लामा पुगे । यहाँ सुकुम्बासी भएपछि थातथलो नै छोडेर हिँडे । जसले राप्रपा, कांग्रेस र नेमकिपालाई भोट दिन्छ त्यो क्षेत्रमा बजेट नै नहाल्दिने अघोषित नीति महेश बस्नेतले अख्तियार गरे ।

विकासमै भेदभाव गरिदिने । निर्माण र विकासका काममा अत्यन्त ढिलासुस्ती गरिदिने । आफ्नो पार्टीले जितेको वडाध्यक्ष र मेयरहरूले कार्यकर्ताको जे पनि काम गरिदिने । मुखबाट तल झर्न नपाइकन एमालेका कार्यकर्ताहरूको काम हुन्छ । तर, कांग्रेसलगायत अन्य दलका कार्यकर्ता आए भने काम नै नगरिदिने । आज र भोलि भन्दै अड्काएर राखिदिन्छन् । एमालेहरूले यहाँ आफ्नो दबदबा बनाएर राखेका छन् ।

महेश बस्नेतले काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहलाई भनेका थिए, 'विकास कस्तो हुन्छ र कसरी हुन्छ ? हेर्न मन छ भने भक्तपुर क्षेत्र नम्बर २ मा आउनु ।' खेतीयोग्य जमिन प्लटिङ गरेर विकास हुन्छ ? खेत मासेर घर ठड्याउदैमा विकास हुन्छ ? १० वर्ष अघि यहाँका स्थानीयले आफ्नै बारीमा फलेको खान्थे भने अहिले प्लास्टिकको किनेर खान्छन् ।

हिजो बिसौं रोपनी जग्गा हुने व्यक्ति आज तीन रोपनीमा सीमित भएका छन् । यसलाई विकासको नाम दिनु लाजमर्दो कुरा हो । घर ठड्याउँदैमा विकास हुन्छ भनेर सोच्नेको बुद्धिभ्रष्ट भएको रहेछ भनेर जनताले बुझ्नुपर्छ । यहाँ दुई जनाको चाहिँ अत्यधिक विकास भएको छ । प्लटिङ गरेर टन्न कमाउनेहरूका लागि भने विकास भयो । हिजो दुई लाखमा किनेको जग्गा प्लटिङ गर्दै बेच्ने भू-माफिया र धमाधम स्वीकृति दिने बस्नेतको चाहि विकास भएको छ ।

पर्दाभित्र बसेर टन्न कमाइहालेका छन् । अनि त्योभन्दा अरू के चाहियो ? राज्यलाई घाटा भयो, बिचौलिया र भूमाफियालाई फाइदा भो । भोलि जनतालाई घर होइन, अन्नको आवश्यकता पर्छ भनेर समेत सोचेनन् । भारत र अन्य मुलुकले खाद्यान्न पठाएनन् भने यहाँका जनताले के खान्छन् ? आफ्नो फाइदाका लागि जग्गा प्लानिङ गर्न दिए । एकातिर पैसा पनि कमाए, अर्कोतिर नयाँ बस्तीको भोटले नेता पनि बने ।

आफू दुइटै हातमा लड्डु लिएर बसेका छन् तर राज्यलाई त ठूलो क्षति भयो नि । भक्तपुर उपत्यकाभित्र पर्छ तर यहाँका स्कुलहरूको अवस्था कस्तो छ ? सरकारी अस्पतालको हालत कस्तो छ ? यतातिर उनको कहिले ध्यान केन्द्रित भएको छ ? सरकारी विद्यालयमा शिक्षक छैनन् । पढ्न गएका विद्यार्थी दिनभर डुलेर फर्किन्छन् । सरकारी अस्पताल हेर्‍यो भने छिर्न सम्भव छैन ।

अनि यसलाई विकासको नाम दिने ? एउटा उखान छ, 'आँखा फुटेको गोरुले जहिले पनि हरियो देख्छ ।' यो उखान बस्नेतलाई सुहाउने खाले छ । ०७० सालमा कांग्रेसबाट चुनाव जितेका रामेश्वर ढुंगेलले राजनीति गर्दा आफ्नो बिसौं रोपनी जग्गा सिद्धाए । उनले यो क्षेत्रमा पानी ल्याइदिए । पहिले यहाँ पानीको कत्रो सकस थियो । पानी लिनका लागि यहाँका स्थानीय कहाँ कहाँ पुग्नुपर्थ्यो ।

उनले पानी ल्याइदिएपछि यहाँका स्थानीयलाई निकै सहज भएको छ । उनी मरेर गए पनि उनले गरेको काम सधैँ जनताको मनमा रहनेछ । उनलाई यहाँका जनताले पानी पिता भनेर सम्बोधन गर्छन् । उनले राजनीति गरेर कमाएनन्, बरु आफ्नो पुर्ख्यौली सम्पत्ति सिद्धाए । ०५० सालसम्म बस्नेतको परिवारको अवस्था एकदमै नाजुक थियो । आफ्नो खेतमा फलेको अन्नले पुग्ने अवस्था थिएन ।

बस्नेत गरिब परिवारमा जन्मिएका व्यक्ति हुन् । तर, अहिले उनको सम्पत्ति भनिसाध्य छैन । वडाध्यक्ष हुँदै मन्त्री र सांसद्सम्म आइपुगेका उनको सयौं ठाउँमा घरजग्गा भएको बताइन्छ । व्यावसायिक क्षेत्रमा पनि उनको धेरै लगानी भएको यहाँका स्थानीयहरू बताउँछन् । देश र विदेशी बैंकमा उनले प्रशस्तै पैसा राखेको बताइन्छ । यो सम्पत्ति कहाँबाट आयो ? गुण्डागर्दी पृष्ठभूमिबाट आएका उनले पहिलेपहिले व्यवसायीहरूलाई थर्काएर हप्ता उठाउँथे ।

तर, मन्त्री र सांसद् भएपछि यो क्रम रोकिएको छ । नयाँ बस्तीले पनि उनको यथार्थ कुरा थाहा पाइसकेका छन् जसले गर्दा उनको भोट कटौती हुने देखिन्छ । चिया पसल, पार्टीपौवामा बस्नेतकै चर्चा चलेको सुनिन्छ । उनले चुनाव हार्छन् भनेर यतिखेर बहस चलेको छ । ०७४ सालको चुनावमा अधिकांश वडा र नगरपालिकामा एमालेका प्रतिनिधि आएका थिए । तर, यो चोटिको स्थानीय तहको चुनावमा एमालेले धेरै वडा र नगरपालिका गुमाएको छ । बस्नेतको भाषण सुन्दा दिक्क लागेर आउँछ । उनीसँग नेता हुने गुण छैन भन्ने त प्रष्ट हुन्छ । पार्टी अध्यक्ष केपी शर्मा ओलीले टीका लगाइदिएर उनी नेता बनेका हुन् । ओलीले दुई चोटि सांसद् विघटन गरेको पनि जनताले बिर्सिएका छैनन् । एमालेलाई बहुमत दिँदा पनि सरकार चलाउन नसकेको त स्मरण नै छ । अब आउने चुनाव एमालेका धेरै उम्मेदवारहरू पाखा लाग्छन् । त्योमध्ये एक महेश बस्नेत पनि हुन् ।

# खेतीको फल वर्षदिनमै पाइन्छ तर चुनावको...

■ सौर्य समाचार



जाजरकोट । नलगाड नगरपालिका-८ का हरिबहादुर खत्री तोरी बारीमा सिँचाइ गर्न व्यस्त छन् । उनलाई चुनावको विषयमा भन्दा पनि तोरी उत्पादन राम्रोसँग गर्न सिँचाइको काममा व्यस्त छन् । तीन मुरी तोरी फल्ने उनको खेतबारीमा सिँचाइ गर्न कम्तीमा पाँच दिन लाग्छ । सिँचाइको कामपछि तोरीमा उम्रिएको झार हटाउन एकहप्ता लाग्ने खत्रीको भनाइ छ । 'अघिल्लो चुनावमा प्रचारमा जाउ भनेर नेताले फोन गर्थे, अहिले खासै केही कुरा भएको छैन', उनले भने, 'चुनाव पाँच वर्षमा आउँछ, खेतबारीको उत्पादनले हर समय काम लाग्छ । यहीँ उत्पादन बिक्री गरेर दैनिक समस्या टार्नुपर्छ ।' बिहान भोट खसालेर दिनभरि अरू काम गर्नुपर्छ । अहिले जिन्दावाद र मुर्दावादतिर लागेर गाउँघरमा सम्बन्ध तितो बनाउन जरुरी नभएको खत्रीले थपे ।

उहाँजस्तै अर्का बारेकोट-५ का प्रेम शाहीलाई दैनिक नेताले प्रचारप्रसारमा जानका लागि फोन गर्छन् । मैले खानेपानीको लागि पटकपटक माग गरेँ तर अहिलेसम्म खानेपानी दिएनन् अनि किन लाग्ने पछि पछि ? भेरी नगरपालिका-५ का सेते बस्नेत भारत कमाइ गर्नका लागि निस्किसके । उनको घरमा ५६ वर्षकी आमा, दुई छोरा र एक छोरी मात्र छन् । श्रीमती लिएर भारतमा गएका बस्नेत चैतमा मात्र फर्कने योजना रहेको उनकी आमा पानमती बस्नेतले बताइन् ।

नातीनातिनीलाई पढाउने पैसा छैन । 'छोराबुहारी पढाउने पैसा कमाउन भारत गएका छन्', पानमतीले भनिन् । तिहार मनाएर बस्नेतसँगै गाउँका २३ जना भारत पुगिसकेको छन् । भारतमा पुगेर छोराले फोन गरेको पानमतीले बताइन् । उनीहरू त प्रतिनिधिमूलक पात्र मात्र हुन् । जाजरकोटका सातै स्थानीय तहमा चुनावको गतिविधि बढे पनि यसप्रतिको उत्साहमा त्यतिसारो उत्साह देखिँदैन । विगतमा जस्तो भड्किलो पनि यसपटकको प्रचारमा देखिँदैन । निर्वाचन आचारसंहिताका कारण सबै व्यक्तिहरू चनाखो भएको नागरिक अगुवा राजेन्द्रविक्रम शाहले बताए । कर्मचारी तथा शिक्षकले सामाजिक सञ्जालमा लेख्न सुरु गर्ने बित्तिकै निर्वाचन आयोगले स्पष्टीकरण सोधेपछि अहिले सबै चुप लागेर बसेको शाहको भनाइ छ । गाउँमा पहिलेको जस्तो नारा जुलुस नभएको उनको भनाइ छ । उम्मेदवारले सात जनाको सानो संख्यामा आफूसँग टोली लिएर टोलटोलमा भेटघाट, छलफल लगाएको काम गरिरहेको पाइएको छ । चुनाव खर्चिलो भएपछि खर्च धान्न गाह्रो हुँदा उम्मेद्वारले घरदैलोमा सानो समूह बनाएर भेटघाटलाई तीव्रता दिएको बताएका छन् ।

नेकपा (माओवादी केन्द्र) का उपमहासचिव तथा प्रतिनिधिसभाका उम्मेद्वार शक्तिबहादुर बस्नेत अधिकांश समय पार्टीको कार्यकर्तामा बस्ने, स्थानीय स्रोत साधनको प्रयोग गर्ने गर्छन् । सबै उम्मेद्वारले आयोजना गरेको चुनावीसभामा सर्वसाधारणको सहभागिता कम देखिएको छ । भेरी नगरपालिका-३ रामकुमार ओलीले जनता सचेत भएकाले कही कतैबाट भोटका लागि बाध्य पार्ने काम नभएको बताउँछन् । कुशे गाउँपालिका-५ का साने नेपालीले सबै अरूले भनेको गर्नुपर्छ भने हामी किन अनाआवश्यक चुनावमा खटिने भन्छन् ।

# जनप्रतिनिधि छान्न मतदाता व्यग्र प्रतिक्षामा

'०६४ र ०७० सालको चुनाव र त्यस अघिका चुनावमा पनि सामाजिक सञ्जालको प्रयोग निकै न्यूनरूपमा भएको देखिन्थ्यो', अर्का स्थानीय मतदाता मायादेवी भट्टले भने, 'गएको स्थानीय तहको निर्वाचन र आउन लागेको निर्वाचनको प्रचारमा भने सामाजिक सञ्चालको प्रयोग ह्वात्तै बढेको छ ।'

■ सौर्य समाचार



सुदूरपश्चिम । मंसिर ४ गतेको निर्वाचन आउन हप्ता दिन बाँकी रहँदा गाउँबस्ती यतिबेला चुनावी रौनकले छोपिएका छन् ।

मत माग्न उम्मेद्वारलाई मतदाताको घरदैलोमा पुग्नुपर्ने चटारो बढेको छ । टोलबस्तीमा मत जुटाउन उम्मेद्वारले बढाएको सक्रियतासँगै मतदातालाई पनि उनीहरूको स्वागत गर्न भ्याइ न भ्याइ छ ।

उम्मेद्वारले मत माग्न प्रचारप्रसारमा सक्रिय रहँदा मतदाता पनि मतदान गर्ने दिनको प्रतिक्षामा रहेका छन् । आआफ्नो पक्षमा माहौल बनाउन उम्मेद्वारले थालेको घरदैलो अभियानलाई सर्वसाधारणले पनि साथ दिइरहेका छन् ।

चुनावमार्फत् नयाँ प्रतिनिधि छान्न जनता प्रतिक्षा गरेर बसेको स्थानीय मतदाता चेतराज भट्टले बताए । 'एकपक्षको चुनावी घरदैलो तथा भेला सकिए लगत्तै अर्को पक्षको भेला सुरु भइहाल्छ', उनले भने, 'उम्मेद्वारले आफूलाई विजयी बनाएमा सबै समस्या समाधान गरिदिने अश्वासन दिएर जान्छन् ।'

उम्मेद्वारले आकर्षक नारा र अश्वासन बाँडेर जाने गरे पनि चुनाबका बेला गर्ने गरिएका यस्ता प्रतिवद्धता जितेपछि पूरा नगर्ने प्रवृत्ति देखिँदा मतदाता विश्वस्त भने हुन नसकिरहेको उनले बताए । मतदातालाई रिझाउन प्रत्यासीले विकाससम्बन्धी र जनसरोकारका मुद्दालाई सम्बोधन गर्ने अश्वासन दिने गरेका छन् ।

विगतका चुनावको समयमा तडकभडक ढंगले हुने चुनावी प्रचारको शैलीभन्दा यो चुनावको प्रचारशैली भने फेरिएको छ । निर्वाचन आयोगले जारी गरेको आचारसंहिताका कारण विगतका निर्वाचनमा जस्तो तडकभडक यसपटकको निर्वाचन चुनावी प्रचारप्रसारमा देखिएको छैन । सामाजिक सञ्जालको प्रयोग गरेर उम्मेद्वारले आफ्नो प्रचार गरिरहेका छन् ।

प्रविधिको विकाससँगै प्रयोगमा आएको सामाजिक सञ्जाल फेसबुक, ट्विटरबाट मतदातालाई रिझाउन सहज हुने आसयका सामग्रीको प्रयोग बढाएका देखिन्छन् । स्थानीय मतदाता हेमन्त जोशीले भने, 'सामाजिक सञ्जालमा सभ्य तरिकाले आआफ्नो प्रचार गर्न सकिने भए पनि कतिपय प्रत्यासीका समर्थकले प्रतिस्पर्धिप्रति नकारात्मक र अशोभनीय टीकाटिप्पणी गर्ने व्यवहार पोस्ट गरेर प्रचारशैली देखाउनुलाई उचित मान्न सकिन्न ।'

'०६४ र ०७० सालको चुनाव र त्यस अघिका चुनावमा पनि सामाजिक सञ्जालको प्रयोग निकै न्यूनरूपमा भएको देखिन्थ्यो', अर्का स्थानीय मतदाता मायादेवी भट्टले भने, 'गएको स्थानीय तहको निर्वाचन र आउन लागेको निर्वाचनको प्रचारमा भने सामाजिक सञ्चालको प्रयोग ह्वात्तै बढेको छ ।' धेरै प्रत्यासीबीच आआफ्ना भेला, बैठकमा देखिने मतदाताको उपस्थितिसम्बन्धी तस्बिरलाई समाजिक सञ्जालमा पोस्ट गर्ने होडबाजी नै छ । चुनावी प्रचारका क्रममा विगतमा जस्तो जहाँ पायो त्यही भित्तेलेखन गर्ने, तुलब्यानर टाँग्ने शैली भने रोकिएको छ । प्रचारप्रसारका सामान्य रूपमा पर्चा पम्प्लेट बाँड्ने र माइकिङ गरिरहेका देखिन्छन् । भेलाको आयोजना गर्ने र घरदैलो गरेर प्रचार गर्ने कामलाई लक्षित गरेर उम्मेद्वारले प्रचारको मुख्य शैली बनाएका छन् । यसपटकको निर्वाचनमा उम्मेद्वारको प्रचारप्रसारसम्बन्धी पर्चा बाँड्ने काम पाउँदा मीना चौधरी खुसी छिन् । कैलाली क्षेत्र नं ५ को जाई गाउँमा पर्चा बाँड्दै गरेको भेटिएकी उनले भनिन्, 'घरमा बेरोजगार भएर बस्नुभन्दा पर्चा बाँडेर केही आम्दानी गर्ने अवसर आउँदा खुसी छु ।'

उनले चुनावी पर्चा टोलवस्तीमा बाँड्ने काम गरेवापत् दिनमा खाना, खाजासहित पाँच सय रुपैयाँ ज्याला पाउने गरेको बताइन् । उनले आफूले प्रत्यासीलाई राम्रोसँग नचिनेको भए पनि उनको पर्चा बाँड्ने गरेको बताइन् ।

'आफूले वितरण गरिरहेको पर्चामा उल्लिखित चुनाव चिन्हबारे जानकारी छ, तर उम्मेदवारसँग चिनजान छैन', उनले भनिन्, 'आफ्ना लागि दैनिक ज्याला पाउने कुरा ठूलो हो, चुनावमा को जित्ने वा हार्ने भन्ने कुरामा त्यति चासो छैन ।'

पर्चा पम्प्लेट बोकेर प्रचारमा खटिएकी राधा चौधरी चुनावका बेला पाएको कामले केही राहत मिलेको बताउँछिन् । उनले भनिन्, 'चुनावमा उम्मेद्वारको प्रचारप्रसार बढ्दै जाँदा पर्चा पम्प्लेट वितरण गर्ने काममा अन्य कतिपयले दैनिक ज्यालादारीको काम पाएका छन् ।'

प्रचार-प्रसारको सरगर्मी बढेसँगै सार्वजनिकस्थलका चिया र खाजा पसलका साथै ब्यानर र झण्डा बनाउन प्रयोग गरिने कपडा र फ्ल्याक्स बोर्डको कारोबार पनि पहिलेको भन्दा केही बढेको सम्बन्धित व्यापारीले बताएका छन् ।

# उम्मेदवारसँग मतदाताको अपेक्षा

■ सौर्य समाचार

जनकपुरधाम । बलुवा खोलामा पुल निर्माण नहुदाँ बर्सेनि वर्षायाममा डुबान र कटानको समस्या भोग्दै आएका धनुषाधाम नगरपालिकाको सरसा, रामपुर, लवटोलियासहित एक दर्जनभन्दा बढी गाउँका स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

धनुषाधाम बजारसम्म आवतजावत गर्ने सो क्षेत्रका स्थानीय एकातिर खोलामा पुल नहुँदा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् भने अर्कोतिर खोला गहिरो भएकाले बाढीका बेला सवारीसाधन नै भासिने जोखिम छ । 'आफ्नो गाउँदेखि पाँच किलोमिटरको दुरीमा रहेको धनुषाधाम बजारसम्म पुग्न ठूलो समस्या छ', रामपुरकी श्यामादेवी यादवले भनिन्, 'पुल नहुँदा कतिपयले जोखिम उठाएरै खोला तरेर बजारसम्म पुग्ने गर्छौं, कतिपयले घुमाउरो बाटोको प्रयोग गरेर पुग्ने गर्छन् ।'




बाढीको समयमा दुई महिनासम्म त स्थानीयवासीलाई आवतजावत गर्न गाह्रो हुने गरेको यादव बताउँछन् । यो समस्याबारे वडा र नगरका जनप्रतिनिधिदेखि मन्त्रीसम्म पनि अवगत गराए पनि खोलामा पुल निर्माणका लागि कुनै पहल हुन सकेको छैन । पुल निर्माण भएमा गाउँदेखि धनुषाधाम बजारसम्म पाँच किलोमिटर जति दुरी पर्नेछ ।

बालुवा खोलाको बाढीले बर्सेनि गर्दै आएको क्षतिबारे स्थानीयले जनप्रतिनिधिदेखि ठूला नेतालाई गुहार्दै आए पनि सुनुवाइ नभएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । 'खोलामा पुल नबन्दा भोग्नुपरेको पीडाका बारेमा चारैतिर गुहार्दै आएका छौं, तर हाम्रो कुरा अहिलेसम्म कसैले सुनेनन्', रामपुरकै सीतादेवीले भनिन्, ' निर्वाचित भएदेखि नै धनुषाधाम नगरपालिकाका जनप्रतिनिधिलाई समेत खोलाले पुऱ्याउँदै आएको क्षति र पुलको आवश्यकताबारे ध्यानाकर्षण गराएँ पनि केही हुन सकेको छैन ।' केही महिनाअघि केही प्राविधिक गएर पुलको नाप-नक्सा गरे पनि पुल निर्माणको कुनै काम अघि बढ्न सकेको छैन ।

त्यसैले अब खोलामा तटबन्धनसँगै पुल निर्माणको सुनिश्चित गर्ने उम्मेद्वारलाई मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा मतदान गर्ने स्थानीय मतदाताको भनाइ छ ।

चुनावका बेला भोट लिन ठूला-ठूला आश्वासन बाँड्ने नेता पदमा पुगेपछि बिर्सिने गरेको लवटोलियाका रामचन्द्र साहले बताए । उनले भने, 'अब जसले हाम्रो कुरालाई मनन् गर्छ र खोलामा तटबन्ध र पुल बनाउने सुनिश्चितता गर्छ हाम्रो मत उसैलाई नै जान्छ ।'

यता धनुषाधाम नगरपालिकाका निवर्तमान नगरप्रमुख बालेश्वर मण्डलले बलुवा खोलामा पुल निर्माणका लागि पहल गरे पनि सफल हुन नसकेको बताए । 'पुल निर्माणका लागि चाहिने जति बजेट नगरपालिकाकासँग भएन, त्यसैले संघीय सरकार र प्रदेश सरकारसँग पहल गरेको थिएँ', निवर्तमान नगरप्रमुख मण्डलले भने, 'पछिल्लो समय के प्रगति भयो, त्यो मलाई थाहा भएन ।' यद्यपि यस विषयमा आफूले पहल गरिरहेको उनको भनाइ थियो ।

धनुषाको क्षेत्र नं १ मा पर्ने सो क्षेत्रका स्थानीयले आसन्न निर्वाचनमा ठोस प्रतिवद्धता जनाउनेलाई नै मतदान गर्ने बताएका छन् । उक्त क्षेत्रमा प्रनिनिधिसभा सदस्यका लागि पाँचदलीय गठबन्धनबाट नेकपा (माओवादी केन्द्र)का उपमहासचिव मातृकाप्रसाद यादव, एमाले-जसपा गठबन्धनबाट जसपाका नेता दीपक कार्की र जनमत पार्टीबाट किशोरी साह (कमल)लगायतका उम्मेद्वार चुनावी प्रतिस्पर्धामा छन् ।

# बोटबाटै सुन्तला बिक्री



■ सौर्य समाचार

गलेश्वर । उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ दोसल्ले गाउँमा यस वर्ष राम्रो उत्पादन भएपछि बोटबाटै सुन्तला बिक्री भएको छ । पाक्दै गरेको सुन्तला बोटबाट पोखरा र काठमाडौंबाट आएका व्यापारीले खरिद गरेको स्थानीय कृषक मायादेवी पुनले बताइन् ।

व्यावसायिक सुन्तला खेती गर्दै आएका यहाँका किसानले उत्पादन गरेका सुन्तला पोखरा, चितवन र काठमाडौंबाट आएका व्यापारीले बगैंचाबाटै प्रतिकिलो ९५ रुपैयाँमा किनेका हुन् । दोसल्ले व्यावसायिक सुन्तला जात किसान समूहका अध्यक्ष प्रेमबहादुर पाइजाले गतवर्ष ६२ हजार ५ सय किलो सुन्तला निकासी हुँदा ७५ लाख गाउँमा भित्रिएको बताए । यस वर्ष करिब दुई सय नयाँ सुन्तलाका बोटमा पनि फल लागेको र उत्पादन पनि राम्रो भएकाले करिव दुई करोडको हाराहारीमा सुन्तला निकासी हुने जानकारी दिए ।

पाइजाले भने, 'यस वर्ष नयाँ विरुवा थपिएका, रोगकीराको समस्या कम र अनुकूल मौसमले उत्पादन बढेकोले गतवर्षको भन्दा बढी आम्दानी हुने आशा गरेका छौं ।' एक किसानले ५० हजारदेखि २ लाख ३० हजार रुपैयाँसम्मको सुन्तला बिक्री गरेका समूहले जनाएको छ । व्यापारीसँग समन्वय गरेर सुन्तलाबजार पठाउन समूहले समन्वय गरेको थियो । कुल ५७ घरधुरीको यहाँ १५ हजार मध्ये करिब आठ हजार बोटबाट उत्पादन हुन थालेको छ । परम्परागत कोदो, मकै र गहुँ खेतीको विकल्पमा सुन्तला खेती गरेको किसान मिलन गर्बुजाले बताए । वर्षमा तीन मुरी कोदो फल्ने बारीमा लगाएको सुन्तलाबाट दुई लाखभन्दा बढी आम्दानी भएको उनले बताए । सडक यातायातको सुविधा भएपछि बाँझो पाखो बारीमा झाडी फाँडेर सुन्तलाका बिरुवा रोप्ने अभियान चलाइको छ । १० वर्षअघि मिलन गर्बुजाको अगुवाइमा दोसल्लेलाई सुन्तला गाउँ बनाउने अभियान सुरु भएको थियो । भिरालो पाखोमा अवस्थित दोसल्लेको भूगोल सुन्तला खेतीका लागि अनुकूल रहेको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख किरण सिग्देलले बताए । दोसल्लेमा सुन्तला खेती विस्तारका लागि नयाँ बिरुवा वितरण, किसानलाई बगैँचा र कीरा व्यवस्थापनसम्बन्धी स्थलगत तालिममा सहयोग गरिएको उनले जानकारी दिए । बेमौसममा सुन्तला बिक्री गर्न दोसल्लेमा तत्कालीन कृषि विकास कार्यालयको सहयोगमा सुन्तला भण्डार गृहको भवन बनाइएको थियो । वैदेशिक रोजगार र खेती किसानीबाट धानिएको यहाँका बासिन्दाको जीवनस्तर पछिल्लो समय व्यावसायिक सुन्तला खेतीबाट सुध्रँदै गएको अन्नपूर्ण गाउँपालिकाका पूर्वउपाध्यक्ष केशमाया मगरले बताइन् ।


## फेदाप गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### पोक्लावाङ, तेह्रथुम, प्रदेश नं. १,

**फेदाप गाउँपालिकाद्वारा जनहितमा जानकारी मूलक सन्देश**

● जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । ● बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । ● विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं । ● खानेपानीका मुहानहरु सदैव सफा राखौं । ● जथाभावी फोहोर नफालौं । ● शुद्ध र सफा पानी पिउं, स्वस्थ्य जीवन जिउं । ● चर्पीमा मात्र दिसापिसाब गरौं । ● सफासँग हात धोएर खाना खाने गरौं । ● झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । ● घरपालुवा चौपायाहरु छाडा नछाडौं तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । ● सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । ● बिकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । ● जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । ● व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं । ● समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । ● यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । ● गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । ● राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं । ● कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । ● घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । ● गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर बिकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । १६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्वन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# 'उचाई' प्रदर्शन



■ सौर्य समाचार

काठमाडौं । नेपालमा छायांकन भएको बलिउड चलचित्र 'उचाई' शुक्रबारबाट प्रदर्शनमा आएको छ । भारतीय फिल्म समीक्षक तरण आदर्शका अनुसार चलचित्रले विश्वभरी ८३४ स्क्रिन पाएको छ । भारतमा ४८३ र अन्य देशमा ३५१ स्क्रिनमा चलचित्र प्रदर्शन हुँदैछ ।

आदर्शका अनुसार चलचित्रले नेपालमा ७० स्क्रिन पाएको छ । सुरज आर बडजात्याले निर्देशन गरेको यो चलचित्र नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, स्वयम्भू, लुक्ला, नाम्चे, मनाङमा छायांकन गरिएको थियो । अभिनेता अमिताभ बच्चनले 'कोन बनेगा करोडपति' मा 'उचाई' का कलाकार बोमन इरानी, अनुपम खेर र नीना गुप्तालाई बोलाएका थिए । उक्त सोमा अमिताभ, बोमन, अनुपम र नीनाले निकै रमाइलो गरेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

सोक्रममा अभिनेता अमिताभले दर्शकलाई चलचित्र हेर्न आग्रह गरे । उनले भने, 'टिकट काटेर हलमा फिल्म हेर्नुको जुन मज्जा हुन्छ, त्यो बेग्लै हुन्छ । कृपया हामीलाई हेर्न हलमा जानुहोला । आजकल धेरै महामारी फैलिरहेको छ । त्यसैले हलमा गएर फिल्म हेर्न दर्शक हिच्किचाइरहेका छन् । म हात जोडेर भन्छु, टिकट काटेर फिल्म हेरिदिनुहोस् ।'

कलाकार नीनाले टिकटको मूल्य तीन/चार सयबाट घटेर १५० रूपैयाँ भएको बताइन् । त्यस्तै उनले अमिताभलाई यो कुरा दर्शकलाई पनि बताउन आग्रह गरिन् । यो चलचित्रको अधिकांश छायांकन नेपालमा गरिएको हो । हिमाली भेगमा छायांकन भएको हुँदा अभिनेता अमिताभ उपस्थित हुन सकेका थिएनन् । नेपालमा भएको छायांकनमा उनको डमी कलाकारलाई प्रयोग गरिएको थियो । मुम्बईमा भएको छायांकनमा अमिताभले नै अभिनय गरेका थिए । यो चलचित्र राजश्री प्रोडक्सनले निर्माण गरेको हो ।

मित्रताको कथामा बनेको चलचित्रमा अभिताभ, बोमन, अनुपम, नीनासँगै परिणिति चोपडा, डेनी डेन्जोङ्पा र सारिका हसनको मुख्य भूमिका छ । चलचित्रमा नेपाली कलाकारको समेत अभिनय छ ।

गत वर्ष कोरोनाको महामारी र ओभर दि टप (ओटिटी) को बढ्दो प्रयोगले पुनः दर्शक हलमा फर्किने हुन् वा होइनन् भन्ने बहसकै बीच नेपालमा छायांकन हुन् आएको 'उचाई' ले नेपाली पर्यटनलाई प्रवर्द्धनमा सहयोग जनाइएको छ । आउँदो शुक्रबारदेखि प्रदर्शनमा आउन लागेको यो चलचित्रमा नेपालकै पात्रलाई मूलकथा बनाइएको छ । चलचित्र छायांकन गर्न दुई सयको हाराहारीमा प्राविधिक भारतबाट आएका थिए । त्यसमा नेपाली प्राविधिक तथा कलाकारको समेत सहभागिता रहेको थियो । बलिउडमा स्थापनाको ७५औं वर्ष पूरा गरेको राजश्री प्रोडक्सनको निर्माणमा बनेको यो चलचित्र नेपालमा स्वयम्भू, काठमाडौं विमानस्थल, लुक्ला, नाम्चे, मनाङमा झण्डै एक महिना छायांकन भएको थियो । नेपालमा लाइन प्रोड्युसर सुरज आचार्यको कम्पनी थ्री ह्विलर्सले र प्रोडक्सन कोर्डिनेटर अरुण रेग्मीले व्यवस्थापन गरेका थिए ।

रेग्मीले भने, 'उहाँहरूसँग काम गर्दा नेपाली प्राविधिकले समेत सिक्न पाएँ । उहाँहरूको काम गर्ने शैली परिपक्व छ ।' प्रोडक्सन कोर्डिनेटर रेग्मीले दिग्गज कलाकारको कामप्रतिको सरलता र मानवीय स्वभावले हामीलाई काम गर्न ऊर्जा प्रदान गरेको बताए । उनले भने, 'निर्देशकले नेपाली दृश्य खिच्नलाई कुनै सम्झौता गर्नुभएन ।' रेग्मीका अनुसार छायांकन टोलीमा भारतीय टोलीमा एक सय ५५ जना सदस्य र नेपालीतर्फ कलाकारबाहेक छायांकनमा ३० देखि ३५ जना नेपाली प्राविधिक खटिएका थिए । टोलीका लागि ६०/६५ गाडीको प्रयोग चौबिसै घण्टा रहन्थ्यो । लाइन प्रोड्युसर आचार्यले छायांकनको दौरान लगभग तीन सयको हाराहारीमा हेलिकप्टर उडान गरिएको जनाए । उनले भने, 'हामीले फाप्लो-लुक्ला, लुक्ला-नाम्चे, नाम्चे-एबिसी, कालापत्थर, कालापत्थर-काठमाडौं, काठमाडौं-मनाङको यात्रा हेलीबाटै गरेका थियौं ।' 'उचाई' को छायांकन भएपश्चात् केही सिरिज तथा चलचित्र नेपालमा छायांकन हुन् आएका छन् । प्रोडक्सन कोर्डिनेटर रेग्मीले भने, 'सरकारका तर्फबाट केही सेवासुविधा पाएमा छायांकनमा आउने संख्या बढ्ने छ । कानुनी अड्चनसँगै विविध समस्या छन् । यद्यपि, 'उचाई' प्रदर्शन भएपछि अन्य प्रोडक्सन हाउसलाई नेपालले लोभ्याउनेमा विश्वत छु ।' अभिनेता डेनी डेन्जोङ्पा सोलुखुम्बुवासीको भूमिकामा देखिएका छन् । उनले आफ्ना बुढ्यौलीका साथीहरू अमिताभ, अनुपम र बोमनलाई नेपाल ल्याउने प्रयास गरेता पनि त्यो सफल हुँदैन ।

डेन्जोङ्पाको निधनपश्चात् उनको अस्तुलाई नेपालमा विसर्जन गर्ने अठोट लिएर बाँकी तीन जना नेपाल आउने कथा चलचित्रमा छ । नेपाली गाइड परिणिती चोपडाले उनीहरूलाई हिमाल पुऱ्याउने र घुमाउने भूमिका निर्वाह गरेकी छन् । यात्रामा यी तीन साथीमा आउने आरोह अवरोह नै मूल कथा हो ।

# उत्कृष्ट पाठकलाई १० हजार

■ सौर्य समाचार

कैलाली । पठन संस्कृतिको विकासका निम्ति टीकापुर सामुदायिक पुस्तकालयमा उत्कृष्ट एक जना पाठकले हरेक महिना १० हजार पुरस्कार पाउने भएका छन् । पठन संस्कृतिलाई प्रभावकारी बनाउने लक्ष्य राखेर टीकापुरस्थित सरोकार समूह र पुस्तकालयबीच भएको सहमतिअनुसार पुस्तकालयले यस्तो व्यवस्था गरेको हो । सरोकार समूहका अध्यक्ष प्रशान्त अर्याल र पुस्तकालयका अध्यक्ष ताराप्रसाद जोशीले शुक्रवार सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन् । यो व्यवस्था भएपछि सामुदायिक पुस्तकालयमा गएर अध्ययन गर्नेमध्येबाट प्रत्येक महिना एकजना पाठकले सो पुरस्कार पाउने छन् ।

समूहका अध्यक्ष अर्यालले पछिल्लो समय प्रविधि र स्मार्ट फोनले पढ्ने बानी हट्दै गएको बताए । 'काठमाडौंदेखि न्युयोर्कसम्म पढ्ने बानी हराएको र स्मार्ट फोनमा हलुका विषयवस्तु हेर्ने र पढ्ने बानी बसेको छ', उनले भने, 'पुस्तकालय आएर गहन विषय अध्ययन गर्नसके असल चरित्र भएको व्यक्तित्व निर्माण हुन्छ ।' अर्यालले पठन संस्कृतिको विकास गर्न सुरुमा एक वर्ष यो कार्यक्रम गरिने र प्रभावकारी भए कार्यक्रम थप गर्ने बताए । पुस्तकालयमा १० हजार बढी विभिन्न विधाका पुस्तक छन् । पुस्तकालयका अनुसार अहिले दैनिक ३० देखि ३५ जना नियमित पाठक रहेका छन् । २०६४ सालमा स्थापना भएको पुस्तकालयमा वाचनालय र बालकक्षको व्यवस्था छ । बिदाको दिन बालकक्षमा बालबालिका रमाउने र पढ्ने व्यवस्था छ । पुस्तकालयमा करिव दुई दर्जन ल्यापटप र कम्प्युटर रहेको सूचना प्रविधिकक्ष छ । यहाँ बालबालिकालाई कम्प्युटर सिक्ने व्यवस्था पनि मिलाइएको छ । टीकापुर सामुदायिक पुस्तकालय र सरोकार समूहले कार्यविधि बनाएर पुरस्कार वितरण गरिने छ । 'मंसिरदेखि अर्को मंसिर महिनासम्मका लागि पहिलो चरणका लागि सम्झौता भएको छ', समूहका सचिव नवराज भट्टराईले भने, 'पुरस्कार वितरणलाई कार्यविधि बनाएर कार्यान्वयन गर्छौं ।' एनआरएनएका पूर्वकोषाध्यक्ष हिक्मत थापा र सरोकार समूह अध्यक्ष अर्यालले रकमको व्यवस्थाबारे आश्वस्त पारेको सचिव भट्टराइले बताए । सम्झौता हस्ताक्षर कार्यक्रममा पुस्तकालयका अध्यक्ष ताराप्रसाद जोशीले पठन संस्कृति पुनर्जागरण गर्न टीकापुर सरोकार समूहले गरेको सहयोगप्रति धन्यवाद दिए । उनले आगामी दिनमा अन्य कार्यक्रममा पनि सरोकार समूहसँग सहकार्य गर्ने अवसर मिल्ने आशा प्रकट गरे । पुरस्कारको व्यवस्थाले पाठकलाई प्रोत्साहन गर्ने जोशीको भनाइ छ ।

## मोटरसाईकल हरायो

मेरो निम्न व्यहोराको अन टेस्ट मोटरसाईकल मिति २०७९/०६/१४ गते हरिपुर्वा नपा-७, बसन्तपुर सर्लाहीबाट राती २-३ बजेतिर हराएकोले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : उमेश राय यादव
ठेगाना : हरिपुर्वा नपा-७, बसन्तपुर, सर्लाही
कम्पनीको नाम : यामाहा
सवारीको मोडल नं. FZS–FR–RR–DD
यामाहा 150 CC
च्यासिस नं. ME1RG4453N0089020
इन्जिन नं. G3J3E0575075
सवारीको रंग: नयाँ ब्लु
सम्पर्क मोबाइल नं. ९८६९६४२४६२



# नेपथ्यको नयाँ गीत 'भटभटे'

काठमाडौं । नेपाली लोकरक ब्याण्ड नेपथ्यले नयाँ गीत 'भटभटे' ल्याएको छ । ब्याण्डले आफ्ना दर्शक स्रोतामाझ एघारौं एल्बम सार्वजनिक गरेको हो । तीन दशक पुरानो यो ब्याण्डले छ वर्षअघि 'कोशीको पानी यो जिन्दगानी' बाट दसौं एल्बमका गीत सार्वजनिक गर्ने क्रम थालेको थियो ।

छ वर्षपछि पहिलोपटक रेकर्ड गरिएको यो 'भटभटे' गीत भने एघारौं एल्बमको पहिलो गीत बन्न पुगेको नेपथ्यले जनाएको छ । यस सिर्जनामा गीत र कवितालाई एकापसमा मिलाउने प्रयत्न गरिएको गायक एवं सर्जक अमृत गुरुङले बताए । 'कवितालाई गीतमा ढाल्ने काम पहिले पनि गर्दै आएको हुँ,' गायक अमृत भने, 'यसमा भने रिदमिक अन्तराका साथमा कविता पनि मिसाएको छु ।' ***(सौस)***

## शैलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
काटाकुटि, दोलखा
बागमती प्रदेश

### आशय पत्र सम्वन्धमा

**प्रकाशित मिति : २०७९।०७।२७**

मिति २०७९।०६।०५ को "अभियान राष्ट्रिय दैनिक" र मिति २०७९/०६/१४ को "प्रभाव राष्ट्रिय दैनिक" पत्रिकामा प्रकाशित यस कार्यालयको विभिन्न योजनाहरुको बोलपत्र आव्हानको सूचनामा उल्लेखित म्याद भित्र रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही तपशिलको बोलपत्रहरु देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भएकोमा सम्वन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कित फर्मको नाम र ठेगाना | कबोल अंक (VAT समेत) |
|---|---|---|---|---|
| १ | SRM/NCB/W/01-2079/080 | Construction of ward Office Building at Ward no 2 | Himadevi Construction, Kathmandu | रु. ६५,९७,३८१/२२ |
| २ | SRM/NCB/W/02-2079/080 | Upgrading work of Thulo Ghar Shailung Hospital road | S and D Nirman Sewa, Bhimeshwor | रु.६४,९६,३७६/६४ |
| ३ | SRM/NCB/W/03-2079/080 | Upgrading work of Khakale Phasku Road | Subba Shailung Nirman Sewa,Shailung | रु.९२,६१,९२७/०७ |
| ४ | SRM/NCB/W/04-2079/080 | Dewithan Simpani Water Supply Project | MD Construaction, Shailung | रु.२७,५५,१४६/१६ |
| ५ | SRM/NCB/W/05-2079/080 | Kattike Golesim Dadagaun Bamraji Water Supply Project | MD Construction,Shailung | रु.१०५,१२,८९१/९५ |

**प्रमुख प्रशासकीय अधिकृत**

## प्रदेश सरकार
## लुम्बिनी प्रदेश
## पर्यटन, ग्रामिण तथा सहरी विकास मन्त्रालय
## सहरी विकास तथा भवन कार्यालय
बांके

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सुचना न.१०/०७९-०८० प्रकाशित मिति :२०७९-०७-२७**

यस कार्यालयबाट मिति २०७९/०५/२८ र २०७९/२०७९/०६/०५ गते सौर्य राष्ट्रीय दैनिक पत्रिका र मध्यान्ह राष्ट्रीय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सुचना तथा www.bolpatra.gov.np/egp मार्फत आव्हान गर्दा दर्ता हुनआएका बोलपत्रहरु मध्ये निम्न अनुसारको बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावकारी भई स्वीकृतीको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन-2063 को दफा-27 को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल:-

| सि.न. | ठेक्का न. | योजनाको नाम | बोलपत्र दाताको नाम | कबोल अंक (With PS &VAT) |
|---|---|---|---|---|
| १. | UDBO/BANKE/NCB/WORK/SAKTINAGAR/079-080/19 | Construction of Brick Masonry Drain at Baijanath Ga.Pa.-8 Saktinagar, Banke | श्री नवयुग कंस्ट्रक्शन प्रा.ली., लम्कीचुहा-०१ कैलाली | १६,८८,८८८.८८ |
| २. | UDBO/BANKE/NCB/WORK/LAHURE.TOL/079-080/23 | Construction of R.C.C Drain and Road at Kohalpur-11 Lahure Tol, Banke | श्री भण्डारी निर्माण सेवा, गुलरिय०६ बर्दिया | २३,५२,४१४.७५ |
| ३. | UDBO/BANKE/NCB/WORK/DALAIPUR/079-080/25 | Construction of drain and upgradation of road at Khajura-5 Dalaipur, Banke | श्री कलिका निर्माण सेवा, नेपालगंज-०१ बाँके | २६,०२,२०२.९७ |
| ४. | UDBO/BANKE/NCB/WORK/BHURIGAU.BAGNAHA/079-080/26 | Construction of Rcc Drain and Upgradation 0f Road at Thakurbaba-01 and 03 Bhurigau Bagnaha Bardiya | श्री ओम निर्माण सेवा, ठाकुरबाबा-०६ बर्दिया | २६,००,९३५.३१ |
| ५. | UDBO/BANKE/NCB/WORK/KALINAGAR/079-080/27 | Road Improvement Works on Gulariya-12 Kalinagar, Bardiya | श्री भादा कंस्ट्रक्शन, गुलरिया-११ बर्दिया | २३,४९,११४.९० |
| ६. | UDBO/BANKE/NCB/WORK/WASIM.NAFISA.ABBAS/079-080/38 | Construction of PCC road from Wasim Manihar home towards Nafisa Ansari home and Abbas Mistri home upto Surkhet main road, Nepalgunj-14, Banke | श्री थापा ट्रेडर्स एण्ड सप्लायर्स, इन्द्र कंस्ट्रक्शन बिरेन्द्रनगर-१० सुर्खेत | २०,९७,४४३.३० |
| ७. | UDBO/BANKE/NCB/WORK/GANDHARWA.BASTI/079-080/39 | Construction of Rcc Drain and laying of interlocking block in Road at Badhaiyatal-04 Gandharwa Basti, Bardiya | श्री तिलक निर्माण सेवा नेपालगंज-२३ बाँके | ३९,८७,२७९.५० |

**कार्यालय प्रमुख**

सौर्य दैनिक
आर्थिक

### टाट पल्टिदैं ट्वीटर

समाजिक सञ्जाल ट्वीटरको टाट पल्टिने सम्भावना बढेको छ । उक्त समाजिक सञ्जालका नयाँ मालिक एलोन मस्कले आफै ट्वीटरको टाट पल्टिने सम्भावना प्रवल रुपमा बढेको बताएका छन् । मस्कले केही साताअघि ४४ अर्ब डलरमा ट्वीटर किनेका थिए । विज्ञहरूले निक्कै महँगो मूल्यमा सम्झौता भएकाले यो प्लेटफर्मको बित्तिय अवस्था जर्जर हुने भनेर चेतावनी दिएका थिए ।

### फेसबुकबाट ११ हजार कर्मचारी हटाइने

फेसबुकको मूल कम्पनी मेटाले ११ हजारभन्दा बढी कर्मचारीलाई जागिरबाट निकाल्ने निर्णय गरेको छ । कम्पनीको आम्दानी घटेपछि मेटाका प्रमुख कार्यकारी अधिकृत मार्क जुकरवर्गले कर्मचारी कटौती गर्ने निर्णय गरेका हुन् । दु:ख व्यक्त गर्दै उनले ११ हजारभन्दा बढी प्रतिभाशाली कर्मचारी हटाउन लागेको बताएका छन् । फेसबुकमा करिब ८७ हजार कर्मचारी कार्यरत छन् ।

## मतदाता लोभ्याउने दलको घोषणापत्र

# ३० लाखसम्म पर्यटन भित्र्याउने प्रतिस्पर्धा



**सौर्य समाचार**

काठमाडौं । मंसिर ४ मा हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा पर्यटन क्षेत्रको विकासको लागि दलहरुले लोभलाग्दो कार्ययोजना प्रस्तुत गरेका छन् ।

प्रमुख पार्टीहरु नेकपा एमाले, नेपाली कांग्रेस, माओवादी केन्द्रबीच कसले धेरै पर्यटक भित्राउने भनेर घोषणापत्रमा लेख्ने भन्ने प्रतिस्पर्धा भएजस्तो देखिन्छ । तीन दलमध्ये पनि माओवादी केन्द्रले आगामी ५ वर्षभित्र ३० लाख पर्यटक भित्राउने घोषणापत्रमार्फत प्रतिवद्धता गरेको छ । उसले कोभिड महामारी लगायतका प्रकोपका कारण स्थगित नेपाल भ्रमण वर्षलाई थप परिस्कृत र विकास गरी पुन: घोषणा गरिने उल्लेख गरेको छ ।

त्यही कार्यक्रममार्फत् ३० लाख विदेशी पर्यटकहरू भित्रने आधार तयार गरिने प्रतिवद्धता गरेको छ । त्यस्तै, नेकपा एमालले पर्यटनमा आधारित सेवा क्षेत्रको विस्तार गर्ने र नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको संख्या ५ वर्षभित्र वार्षिक २५ लाख पुर्याइने दाबी गरेको छ ।

नेपाललाई आकर्षक अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा विकास गरिने, विश्व बजारमा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिने उल्लेख छ । पर्यटकको बसाई अवधि लम्ब्याउन र प्रतिपर्यटक खर्च वृद्धि गर्न पर्यटनका पूर्वाधारहरू निर्माण तथा सुधार गरिने सार्वजनिक घोषणापत्रमा उल्लेख छ।

एमालेले पर्यटनसम्बन्धी उच्च अध्ययन र आवश्यक जनशक्ति तयार गर्न विश्वविद्यालय स्थापनासहित आवश्यक व्यवस्था गर्ने भनेको छ ।

नेपाली कांग्रेसले पनि ५ वर्षभित्र २० लाख पर्यटक भित्र्याउनुको साथसाथै दैनिक पर्यटकको खर्च १०० डलर खर्च पुऱ्याउने लक्ष्य लिएको छ । यसै गरि उसले कोभिडको कारण खस्किएको पर्यटनको मनोबल उकास्न ५ वर्षे रणनीति बनाउने घोषणापत्रमार्फत् भनेको छ ।

यस्तो योजनाले देशको आर्थिक स्थिती सुध्रने कांग्रेसको दाबी छ । यता समाजवादी पार्टीले नेपाललाई पर्यटकीय दृष्टिले अन्तर्राष्ट्रिय गन्तब्य केन्द्रको रूपमा विकसित गर्दै यसक्षेत्रलाई रोजगारी र विदेशी मुद्रा आर्जनको श्रोतको रूपमा विकास गर्ने उल्लेख गरेको छ।

देशको सास्कृतिक, जैविक एवम् भौगोलिक विविधतालाई पर्यटनको मुख्य क्षेत्रको रूपमा विकास गर्न आवश्यक बजेटको ब्यवस्था गर्ने र कामलाई तिव्रता दिने घोषणापत्रमार्फत प्रतिवद्धता गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले नेपाल प्रवेश गर्ने पर्यटकहरुलाई प्रकिया सहज र सस्तो बनाईने उल्लेख गरेको छ । पर्यटकमा विविधता ल्याउने गरी पहिलो चरणमा आवश्यक पूर्वाधार सहितको धार्मिक र आध्यत्मिक मार्गहरु विकास गर्ने र भईरहेको पर्यटनलाई व्यवस्थित गर्दै नेपाललाई साहसिक पर्यटनको विश्व गन्तव्य बनाउने घोषणापत्रमार्फत् उल्लेख गरेको छ ।

हिमाली क्षेत्र छुने हरेक प्रदेशमा हिमाली ध्यान केन्द्र स्थापना गर्ने र मुख्य सहरका पर्यटकिय गन्तव्यलाई २४ घण्टा खुल्ला राखिने भनेको छ । पार्टीले प्रत्येक प्रदेशमा सांस्कृतिक केन्द्रहरु स्थापना गरी नयाँ पुस्तालाई त्यसको महत्व र संरक्षणमा सहभागी बनाउन प्रोत्साहित गर्ने वाचा गरेको छ ।

**५ वर्षमा २५ लाखसम्म रोजगारीको आश्वासन**

देशका प्रमुख दल नेकपा एमाले, नेपाली कांग्रेस र माओवादी केन्द्रले सार्वजनिक गरेको घोषणापत्रमा रोजगार सिर्जनाको असम्भव वाचा गरेका छन् । घोषणापत्र हेर्दा कागजी रुपमा कुन दलले धेरै रोजगारी सिर्जना गर्ने भनेर बास्तविक अध्ययन बिनानै एक आपसमा प्रतिर्स्पधा गरि रोजगारी संख्या लेखेजस्तो देखिन्छ ।

नेकपा एमालेले वार्षिक ५ लाख रोजगारी सिर्जना गर्ने उल्लेख गरेको छ । यसको अर्थ ५ वर्षमा २५ लाख रोजगारी सिर्जना गर्ने घोषणा गरेको छ । 'सुरुआती व्यवसाय गर्न चाहिनेलाई बिउपुंजी (सिड-मनी) सहुलियतपूर्ण ब्याजदरमा उपलब्ध गराइने र कामदार वा श्रमिकको न्यूनतम ज्याला सुनिश्चित गरी समयानुकूल गरेर हरेक वर्ष रोजगारी र स्वरोजगारी गरी वार्षिक ५ लाख रोजगारी सिर्जना गरिनेछ' घोषणापत्रमा उल्लेख छ ।

एमालेले तीब्र गतिको विकाससँगै उत्पादन, उद्योग र सेवा क्षेत्रमा अधिकाधिक रोजगारीका अवसरहरू सिर्जना गर्ने र श्रमिकहरूको क्षमता विकासका लागि सिपमूलक तालिम र प्रशिक्षणहरू सञ्चालन गरिने भनेको छ ।

पार्टीले कृषि तथा वन, उद्योग, पर्यटन, ऊर्जा, यातायात तथा सूचना प्रविधि र भौतिक पूर्वाधारलाई रोजगारीको प्रमुख क्लस्टरका रूपमा विकास गर्ने पनि घोषणापत्रमर्फत सार्वजनिक गरेको छ

एमालेले रोजगारी सिर्जना हुने क्षेत्रमा राज्यको लगानी बढाइने र रोजगारी र उद्यमशीलताउन्मुख स्वरोजगारीका लागि सिप, पुँजी र व्यावसायिक तालिम दिइने वाचा गरेको छ ।

युवाहरूलाई तालिम र प्रशिक्षणद्वारा दक्ष तथा अर्धदक्ष श्रमिकका रूपमा विकास गरेर केन्द्र, प्रदेश र स्थानीय तहहरूमा दक्ष श्रमशक्ति आपूर्ति केन्द्र स्थापना गरिने उल्लेख छ ।

कांग्रेसले ५ वर्षमा १२ लाख ५० हजार रोजगारी सिर्जना गर्ने प्रतिवद्धता गरेको छ । व्यापक रोजगारीको सम्भावना बाकेका क्षेत्रको रुपमा सूचना प्रविधि, उद्योग, पर्यटन, निर्माण र यातायात, वित्तीय क्षेत्र, खनिज, कला तथा मनोरञ्जनलाई मानेको छ ।

यसबाहेक अन्य सेवा क्षेत्रमा वाषिक २ लाख ५० हजारसम्म नयाँ रोजगारी सृजना गर्ने सङ्कल्प गरेको छ। लागत घटाइ, उद्यम-आबद्ध जनशक्तिको क्षमता बढाइ संस्थागत सहजतालाई शासकीय संसारकै अंग बनाइ लगानी आकषित गर्ने दाबी गरेको छ ।

अर्को दल माआवादी केन्द्रले ५ वर्षभित्र २० लाख युवालाई छोटो माध्यमबाट रोजगार र स्वरोजगार बनाउने घोषणा गरेको छ ।

राष्ट्रिय रोजगार प्राधिकरणले स्थानीय तहमा जनसंख्याको आधारमा ५ सय देखी १ हजार जनासम्म युवालाई अभिमुखीकरण तालिम, बिउ, पुँजी, सहुलियतपूर्ण कर्जाको व्यवस्था मिलाउने भनिएको छ ।

राष्ट्रिय रोजगार प्राधिकरणको समन्वयमा राष्ट्रिय गौरवका आयोजना, उत्पादनमा आधारित कृषि परीयोजना, पर्यटन र औद्योगिक प्रतिष्ठानहरुमा १० लाख युवालाई रोजगारी दिने घोषणापत्रमा उल्लेख छ ।

वैदेशिक रोजगारीमा जानेहरुलाई एकद्धार प्रणालीबाट सहजरुपमा सेवा प्रवाहको व्यवस्था गर्नुको साथसाथै वैदेशिक रोजगारीमा रहेका युवाहरुलाई नेपाल फर्केपछी रोजगरी र स्वरोजगारी सुनिश्चित गर्न राष्ट्रिय रोजगार प्राधिकरणबाट परामर्श लिन सकिने व्यवस्था मिलाइने भनेको छ ।

माओवादीले रोजगारी र उद्यमशीलता विकासमा महिलालाई प्राथमिकता दिने र महिलाहरुले सामुहिक प्रणालीमा सञ्चालन गर्ने उद्यमको लागि अनुदान तथा कर्जामा थप सहुलियात प्रदान गर्ने घोषणापत्रमार्फत वाचा गरेको छ ।

# चीनतर्फ निर्यात बढाउन पुनको सुझाव




**सौर्य समाचार**

काठमाडौं । कार्यवाहक राष्ट्रपति नन्दबहादुर पुनले चीनतर्फ नेपालको निकासी व्यापारले अपेक्षाकृत गति लिन नसकेको भन्दै चिन्ता व्यक्त गरेका छन् ।

चीनसँगको सुमधुर राजनीतिक सम्बन्धका बाबजुद नेपालले आर्थिक सम्बन्ध विस्तार गर्न नसकेको उनको भनाइ छ । नेपाल-चीन व्यापारिक सम्झौताअनुसार चीनले प्रदान गरेका सुविधा उपयोग गर्दै नेपाली वस्तुको निकासी बढाउनुपर्ने उनले जानकारी दिए । नेपाल चीन उद्योग वाणिज्य संघको २३ औं वार्षिक साधारणसभालाई राजधानीमा आयोजित समारोहमा सम्बोधन गर्दै कार्यवाहक राष्ट्रपति पुनले बताए । 'हामीले चिनियाँ बजारको अध्ययन गरी त्यहाँका उपभोक्ताको रुचिलाई मध्यनजर गर्दै नेपाली बस्तु निकासी गर्न सक्नुपर्छ र यसका लागि नेपाल चीन उद्योग वाणिज्य संघ लगायतका संस्थाहरुले समन्वय र सहकार्य गर्नु आवश्यक छ,' उनले भने ।

चीनजस्तो संसारकै आर्थिक रुपमा महाशक्ति राष्ट्रसँग नेपालको व्यावसायिक सम्बन्ध विकास हाम्रा लागि नेपालका लागि ठूलो अवसर पनि भएको र चिनियाँ बजारमा नेपालले आफ्ना मौलिक उत्पादनहरु निर्यातको अवसर पाउँदा देशको अर्थतन्त्रको तस्बिर नै बदलिन सक्ने उनको भनाइ छ ।

पछिल्लो दशकमा भूकम्प, पहिरो तथा कोभिड महामारी जस्ता कारणले नेपाल चीनबीचको व्यापारिक सम्बन्ध अपेक्षित विस्तार हुन सकेको उल्लेख गर्दै उनले नेपाली वस्तु निकासी गर्दा कच्चा पदार्थको प्रशोधन गरी पूर्ण रुपमा तयारी बस्तुमात्र निकासी गर्नुपर्ने धारणा राखे । नेपालका लागि चिनियाँ दूतावासका चार्ज डे अफेयर्स वाङ सिनले दुई मुलुकबीचको आर्थिक तथा व्यापारिक सम्बन्धमा नेपाल चीन उद्योग वाणिज्य संघले निर्वाह गरेको भूमिकाको प्रशंशा गरे । उनले दुवै मुलुकबीच रहेको पुरानो सम्बन्धलाई अब व्यापार व्यवसायका माध्यमले थप बलियो बनाउनुपर्ने धारणा राखे । कार्यक्रममा चाइना काउन्सिल फर द प्रमोशन अफ इन्टरनेशनल ट्रेड (सीसीपीआईटी) का अध्यक्ष रेन होङबिनले शुभकामना पठाउँदै कोभिड महामारीका कारण द्विपक्षीय व्यापारमा कमी आएको उल्लेख गर्दै आउँदा दिनमा पुरानै अवस्थामा फर्कने विश्वास व्यक्त गरे । अध्यक्ष होङबिनले पठाएको शुभकामनामा भनिएको छ, 'हामी आशा गर्छौं कि महामारी पछि हामीसँग सहयोग जारी राख्न, दुबै देशका उद्यमहरूको लागि राम्रो प्लेटफर्महरू प्रदान गर्ने थप अवसरहरू हुनेछन् ।' कार्यक्रममा नेपाल चीन उद्योग वाणिज्य संघका अध्यक्ष त्रिभुवनधर तुलाधरले चीनसँगको वार्षिक व्यापारघाटा २ खर्ब ६३ अर्ब रुपैयाँ पुग्नुमा कोभिड महामारी, उत्तरी नाकाको कमजोर पूर्वाधारसँगै विश्वव्यापी आर्थिक मन्दी लगायतका कारणहरु रहेको बताए । कोभिड महामारीपछि चीनमा ठूला व्यापारिक मेला हुन नसक्नु र नेपाली व्यवसायीले पहिलेजसरी खुला रुपमा भ्रमण गर्न नसक्नेजस्ता कारणले निकासी व्यापार प्रभावित भएको उनको भनाइ छ ।

नेपाल र चीनबीच रहेका मुख्य दुई नाका तातोपानी र केरुङमा लागू भएको कोटा प्रणाली अन्त्य भइ पूर्ण क्षमतामा सञ्चालन हुनुपर्ने तथा चीनका विभिन्न गन्तव्यमा सीधा उडान गर्दै एयर कनेक्टिभिटी बढाउनु पर्ने आफूहरुको माग रहेको अध्यक्ष तुलाधरले बताए । दिगो पर्यटकीय विकासका लागि स्थल नाकाबाट पनि पर्यटकलाई आवतजावत गर्न दिइनुपर्ने उनको भनाइ छ । संघले चीन र नेपालबीच रहेको भुक्तानीमा अवरोध हटाउन माग गरेको छ । चिनियाँ बैंकको नेपालमा शाखा खोल्ने सम्बन्धमा नेपालका प्रधानमन्त्रीको हरेक पटकको चीन भ्रमणमा द्विपक्षीय सहमति हुँदै आए पनि अहिलेसम्म यो कार्यान्वयन हुन नसकेको अध्यक्ष तुलाधर बताउँछन् ।

'दुई देशबीचको व्यापार अभिवृद्धिका लागि चिनियाँ बैंकको नेपालमा शाखा खोल्ने व्यवस्था र नेपाली तथा चिनियाँ वाणिज्य बैंकबीच भुक्तानी सम्बन्धी सम्झौता हुनुपर्छ,' अध्यक्ष तुलाधरले भने, 'हाम्रो व्यापारिक भुक्तानीका लागि मात्र नभै नेपालमा चिनियाँ लगानी भित्र्याउन तथा पर्यटन प्रवर्द्धनका लागि पनि यो निकै महत्वपूर्ण छ ।' कार्यक्रममा संघका निवर्तमान अध्यक्ष राजेशकाजी श्रेष्ठलगायतलाई सम्मानित गरिएको थियो । श्रेष्ठको कार्यकालमा नेपाली व्यवसायीले चिनियाँ मेलाहरुमा सहभागिताको अवसर पाएको र चीनका विभिन्न बिजनेस एशोसिएसनहरुसँग सहमति गर्न सफल भएको भन्दै सम्माान गरिएको संघका महासचिव विवेक पौडेलले जानकारी दिए ।

कार्यक्रममा सम्मानित हुने कम्पनीहरुमा नेपाल चीन जलविद्युत् क्षेत्रको पहिलो साझेदार कम्पनी सिनो हाइड्रो सगरमाथा पावर कम्पनी, चीनका विभिन्न सहरमा उडान भर्दै आएको हिमालय एयरलाइन्स, चीनसँगको व्यापारमा सहजीकरण गर्दै आएको सिल्क ट्रान्सपोर्ट कम्पनी रहेका छन् ।

# रेमिट्यान्स मुद्दति निक्षेपपछि संस्थागतमा बैंकको बदमासी



**सौर्य समाचार**

काठमाण्डौ । एकपछि अर्को चलाखीपूर्ण कार्य गरेपछि बैंकहरु नेपाल राष्ट्र बैंकको अनुसन्धानमा तानिएका छन् । चलाखीपूर्वक बचत खाताहरुमा नियमविपरीत गई कार्य गर्दा बैंकहरु अनुसन्धानमा तानिएका हुन् । पछिल्लो समय तरलताको संकट बढ्दै जाँदा बैंकहरुले सर्वसाधारणबाट निक्षेप तान्न यस्ता किसिमका बठ्याइँ गरेका हुन् ।

निक्षेप तान्ने होडमा संस्थागत मुद्दति निक्षेपमा तोकिएको भन्दा बढी ब्याजदर दिइरहेको गुनासापछि राष्ट्र बैंकले सबै वाणिज्य बैंकहरुलाई पत्र काटेको छ । राष्ट्र बैंकले पत्र काट्दै यही कात्तिक मसान्तभित्र सबै वाणिज्य बैंकहरुलाई संस्थागत मुद्दति निक्षेप र सो खातामा प्रदान गरिएको ब्याजदरको विवरण पनि मगाएको हो ।

त्यसो त राष्ट्र बैंकले संस्थागत मुद्दति निक्षेपमा साधारण मुद्दति निक्षेपको तुलनामा २ प्रतिशत कम ब्याजदर दिन पाइने व्यवस्था गरेको छ । हाल उक्त मुद्दति निक्षेपमा वाणिज्य बैंकहरुले १०.१३३ प्रतिशत ब्याजदर दिइरहेका छन् । तर बैंकहरुले नियामकको व्यवस्थाविपरीत ब्याजदर दिएर निक्षेप तानिरहेको गुनासो राष्ट्र बैंकमा पुगेको थियो ।

आफूहरुको बैंकमा पनि राष्ट्र बैंकको विभिन्न विवरण मागेको पत्र पुगेको एक वाणिज्य बैंकका सीईओले बताए।नियमविपरीत ब्याजदर दिने बैंकहरुलाई राष्ट्र बैंकले एक्सन लिनुपर्ने ती सीईओको भनाइ छ ।

'विभिन्न विवरण मागेको पत्र हामीकहाँ पनि आइसकेको छ । आज झन्डै १० दिन भयो होला पत्र आएको', ती सीईओले भने, 'कात्तिक मसान्तसम्म राष्ट्र बैंकले मागेको विवरण पेस गरिसक्नुपर्छ । त्यसबाट कति बैंकले बढी ब्याजदर लिएका छन् कारबाही हुनुपर्छ ।'

बैंकहरुले संस्थागत मुद्दति निक्षेपमा मात्रै होइन रेमिट्यान्स मुद्दति निक्षेपमा पनि उत्तिकै बदमासी गरेका छन् । राष्ट्र बैंकले वैदेशिक रोजगारीमा गएकाहरुलाई आकर्षित गर्न र धेरैभन्दा धेरै रेमिट्यान्स भित्र्याउन अन्य बचत खाताहरुको तुलनामा रेमिट्यान्स मुद्दति खाता बढी ब्याज दिनसक्ने व्यवस्था गरेको थियो ।

तर बैंकहरुले रेमिट्यान्सबाट नआएको रकमलाई पनि सर्वसाधारणहरुलाई रेमिट्यान्सबाट आएको रकम हो भनी स्वघोषणा गर्न लगाएर रेमिट्यान्स मुद्दति निक्षेपको ब्याजदर दिँदै आएका थिए । त्यसपश्चात नियमविपरीत कार्य गर्ने बैंकविरुद्ध नेपाल बैंकर्स एसोसिएसन (एनबिए) मा परेको उजुरी राष्ट्र बैंकसम्म पुगेको थियो ।

एनबीएमार्फत राष्ट्र बैंकको व्यवस्थाअनुसार नै काम गर्न निर्देशन भए पनि बैंकहरुले यस्तो कार्यलाई नरोकेपछि राष्ट्र बैंकले सोको विवरण पनि माग गरेको छ ।

बैंकरहरुका अनुसार यसको विवरण पनि कात्तिक मसान्तसम्ममा पेस गर्नुपर्नेछ । जसअनुसार अब बैंकहरुले गत आर्थिक वर्ष २०७८।७९ र चालु आर्थिक वर्ष २०७९।८० को प्रथम त्रैमासको विवरण पेस गर्नुपर्नेछ ।

# जलविद्युतबाट ३१ करोड रोयल्टी

**अहिले सरकारलाई रोयल्टी रकम तिर्ने निजी क्षेत्रका जलविद्युत केन्द्रको १३७ पुगिसकेको छ । विद्युत प्राधिकरण अन्तर्गत २० जलविद्युतगृहले रोयल्टी तिर्छन् ।**



**सौर्य समाचार**

काठमाडौं । सरकारले चालू आर्थिक वर्षको साढे ३ महिनामा जलविद्युतबाट ३१ करोड रुपैयाँ रोयल्टी लिएको छ । निर्माण सम्पन्न भई सञ्चालनमा रहेका जलविद्युत केन्द्रका प्रवर्द्धक कम्पनीले साउनदेखि कात्तिक दोस्रो सातासम्ममा यति रोयल्टी तिरेका हुन् ।

नेपाल विद्युत प्राधिकरण र निजी ऊर्जा उत्पादकले निर्माण गरेका जलविद्युत केन्द्रको जडि क्षमता र विद्युत बिक्रीबाट भएको आम्दानीको रोयल्टी तिरेको विद्युत विकास विभागका महानिर्देशक चिरञ्जीवी चटौतले बताए । उनका अनुसार सञ्चालनमा रहेका जलविद्युत प्रवर्द्धकले नियमितरूपमा आएर जलविद्युत केन्द्रको रोयल्टी बुझाइरहेका छन् ।

'गत आर्थिक वर्षमा ३ अर्ब ५ करोड रुपैयाँ रोयल्टी रकम संकलन भएको थियो,' उनले भने, 'चालू आर्थिक वर्ष सुरु भए यता रोयल्टी रकम उठिरहेको छ ।' उनले चालू वर्षमा पनि ३ अर्ब बढी रोयल्टी संकलन हुने जानकरी दिए ।

विद्युत प्राधिकरणले ५७५ मेगावाट बढीका जलविद्युतगृहको डेढ अर्ब रुपैयाँ बढी रोयल्टी विभागलाई बुझाउने गरेको छ। बाँकी रोयल्टी निजी क्षेत्रका जलविद्युतगृहले तिर्छन् ।


विद्युत ऐन २०४९ को दफा ११ मा भएको व्यवस्था बमोजिम अनुमति प्राप्त जलविद्युत केन्द्रले व्यापारिक उत्पादन सुरु गरेको १५ वर्षसम्म जडित क्षमताको प्रतिकिलोवाट १ सय रुपैयाँ र प्रतियुनिट (किलोवाट घन्टा) सरदर बिक्री मूल्यको २ प्रतिशतका दरले सरकारलाई रोयल्टी बुझाउनु पर्छ ।

अहिले सरकारलाई रोयल्टी रकम तिर्ने निजी क्षेत्रका जलविद्युत केन्द्रको १३७ पुगिसकेको छ । विद्युत प्राधिकरण अन्तर्गत २० जलविद्युतगृहले रोयल्टी तिर्छन् । विद्युत उत्पादन अवधिको १५ वर्ष पूरा भइसकेपछि जलविद्युत आयोजनाले प्रतिजडित किलोवाट वार्षिक १ हजार रुपैयाँ र प्रतियुनिट (किलोवाट घन्टा) औसत बिक्री मूल्यको १० प्रतिशत रोयल्टी रकम सरकारलाई बुझाउनु पर्ने व्यवस्था छ ।

रोयल्टी बापत उठेको रकम केन्द्र सरकार, जलविद्युत केन्द्रको सम्बन्धित जिल्ला तथा स्थानीय तहमा वितरण हुने गर्दछ । स्थानीय स्तरमा जलविद्युत आयोजना निर्माण हुँदा स्थानीयबासी तथा सम्बन्धित जिल्लाको विकासमा पनि योगदान पुग्ने गर्दछ ।


का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४

# सौर्य खेलकुद




राष्ट्रिय क्रिकेट टिमको कप्तानमा रोहितकुमार पौडेल नियुक्त भएका छन् । नेपाल क्रिकेट संघ (क्यान) ले शुक्रबार पौडेललाई राष्ट्रिय क्रिकेट टिमको कप्तान नियुक्त गरेको हो

प्रदीप खड्का र अभिलाषा विष्टले दोस्रो संस्करणको वीर गणेशमान सिंह राष्ट्रिय टेनिस प्रतियोगिता अन्तर्गत एकलतर्फको उपाधि जितेका छन् । पुरुष एकलतर्फ प्रदीप र महिला एकलतर्फ अभिलाषा च्याम्पियन बनेका हुन्



■ प्रधानमन्त्री कप क्रिकेट

## एपीएफले जित्यो पीएम कप क्रिकेटको उपाधि



■ **सौर्य समाचार**

काठमाडौं । नेपाल एपिएफ क्लबले पाँचौं संस्करणको प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगिता फाइनलमा त्रिभुवन आर्मी क्लबलाई ४ विकेटले हराउँदै उपाधि जितेको छ ।

एपिएफले सन् २०१८ पछि पहिलो पटक प्रधानमन्त्री कपको उपाधि जितेको थियो । दोस्रो संस्करणको फाइनलमा आर्मीलाई नै ७ विकेटले हराउँदै जितेको थियो । विजेता एपिएफले १० लाख र उपविजेता आर्मीले पाँच लाख पाउनेछ ।

जितको लागि १ सय ८० रनको विजयी लक्ष्य पछ्याएको एपिएफले ३८.३ ओभरमा ७ विकेट गुमाउँदै पूरा गर्यो । एपिएफको जितमा भुवन कार्कीले ८८ बलमा ४ चौका र १ छक्कासहित सर्वाधिक ५५ रन बनाए । शरद भेषावकर १९ बलमा १ चौका र १ छक्कासहित १६ रनमा आउट भए ।

अन्तिम समय भने अधेरोको कारण ब्याटरलाई खेल्न गाह्रो भएको थियो । तर अम्पायरले खेल सकाउने निर्णय लिए । शरद भेषावकरले विजयी रन बटुल्दै खेल सकाए ।

सुमित महर्जन ४५ बलमा ५ चौकासहित ३४ रनमा आउट भए । पाँचौं विकेटका लागि भुवन कार्की र सुमित महर्जनले ७५ रनको साझेदारी गर्दै जितको आधार तय गरेका थिए ।

सुमित स्पिनर सुशन भारीको बलमा एलबीडब्लू आउट भए । तीव्र गतिका बलर सोमपाल कामीले आसिफ शेखलाई १४ रनमा बोल्ड गरे । जितेन्द्र मुखियाको बलमा प्रदीप ऐरी थर्डम्यानमा सोमपाल कामीबाट २० रनमा आउट भए । प्रदीपले २८ बलमा ४ चौका प्रहार गरे ।

मुखियाको बलमा मिडअफमा लोकेश बम ८ रनमा रोहित कुमार पौडेलबाट क्याच आउट भए । सन्दीप जोरा १७ रनमा आउट भए । आर्मीका जितेन्द्र मुखियाले दुई, सोमपाल कामी, विक्रम सोब र सुशन भारीले एक एक विकेट लिए र

त्यसअघि टियु क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको आर्मी ३९ ओभरमा १ सय ७९ रनमा अल आउट भयो । आर्मीका युवा ब्याटर रोहित पौडेलले ५६ बलमा ३ चौकासहित सर्वाधिक ४९ रन बनाए ।

एक समय आर्मी १३२-९ को अवस्थामा पुगेको आर्मीलाई अन्तिम विकेटका लागि सुशन भारी र जितेन्द्र मुखियाले ४७ रनको महत्वपूर्ण साझेदारी गरेका थिए । एक ओभर अघि अल आउट हुनुअघि सुशन भारी रन आउट भएका थिए ।

भारीले २५ बलमा २ चौकासहित १९ रन बनाए । जितेन्द्र मुखिया २५ बलमा ३ चौकासहित २४ रनमा अविजित रहे । आर्मीले आजको खेलमा ओपनर अर्जुन साउद र सोमपाल कामीले गरेका थिए । सोमपाल कामी तीव्र गतिका बलर किशोर महतोको दोस्रो ओभरको पाँचौं बलमा कभरमा सुमित महर्जनबाट डग आउट भए ।

अमरसिंह राउटेलाको बलमा अर्जुन साउद कमलसिंह ऐरीबाट १३ रनमा आउट भए । अर्जुनले ३३ बल खेलेपनि बाउन्ड्री प्रहार गरे । हरि चौहान २५ बलमा १ चौका र १ छक्कासहित १५ रनमा रन आउट भए । लोकेश बमले हारेको थ्रो लागेपछि पेभेलिएन फर्केका थिए । स्पिनर मौसम ढकालको बलमा भीम सार्की ६ रनमा आउट भए । ढकालकै बलमा कप्तान विनोद भण्डारी ११ रनमा क्याच आउट भए । त्यो समय आर्मी ६९-५ को अवस्थामा पुगेको थियो ।

कुशल मल्ल १४ बलमा १ चौका र १ छक्कासहित १६ रनमा आउट भए । राजेश पुलामी मगर ३१ बलमा १ चौकासहित १८ रनमा आउट भए । एपिएफका स्पिनर मौसम ढकालले ८ ओभरमा ३२ रन खर्चेर ३ विकेट लिए । अमरसिंह राउटेलाले ८ ओभरमा ४० रन खर्चेर ३ विकेट लिए । किशोर महताले ७ ओभरमा २८ रन खर्चेर २ विकेट लिए ।

## राष्ट्रिय खेलकुदमा पदक विजेता खेलाडी पुरस्कृत



■ **सौर्य समाचार**

पोखरा । पोखरा महानगरपालिकाले नवौं राष्ट्रिय खेलकुदमा पदक प्राप्त गर्ने खेलाडीलाई सम्मान गरेको छ । राष्ट्रिय खेलकुदमा सहभागी भएर पदक प्राप्त गर्ने खेलाडी, प्रशिक्षक र व्यवस्थापक गरी एक सय ९२ जनालाई सम्मान गरिएको हो ।

स्वर्ण पदक विजेता ३५, रजत पदक विजेता ३२ र कास्य पदक विजेता ८५ खेलाडीलाई सम्मानसहित क्रमश: जनही १५ हजार,१० हजार र कास्य पाँच हजार प्रदान गरिएको थियो ।

यसैगरी ३६ टोली व्यवस्थापक र ४० प्रशिक्षकलाई समेत सम्मान गरिएको थियो । महानगर प्रमुख धनराज आचार्यले खेलाडीलाई प्रदान गरिएको रकम सानो भए पनि हौसला बढाउन सहयोगी हुने विश्वास व्यक्त गरे । खेलाडीको खेल जीवनको निरन्तरताका लागि आवश्यक सहयोग गर्न महानगरपालिका प्रतिबद्ध रहेको उनले बताए ।

पोखरालाई पर्यटनको राजधानी बनाउने अभियानमा महानगरको टोली रहेको चर्चा गर्दै नगर प्रमुख आचार्यले खेलमार्फत पर्यटन प्रवर्द्धनसहित यहाँ आवश्यक पूर्वाधार निर्माण गरिने जानकारी दिए ।

महानगरले अङ्ग्रेजी नयाँ वर्ष २०२३ को अवसरमा पोखरामा आयोजना गर्न लागेको 'टुर दि पोखरा' कार्यक्रमका क्रममा आगामी पुस ६ गते दोस्रो संस्करणको राष्ट्रिय मेयरकप साइकल दौड प्रतियोगिता, २०७९ गर्ने जनाएको छ । पोखरा-१७ रानीवनबाट सुरु हुने उक्त प्रतियोगितामा देश तथा विदेशका साइकल यात्रीको सहभागिता रहने भएका छन् ।

गण्डकीका विजेतालाई परिषदले सम्मान गर्ने


यसैगरी राष्ट्रिय खेलकुदमा पदक विजेता खेलाडीलाई गण्डकी प्रदेश खेलकुद परिषदले नगदसहित सम्मान गर्ने भएको छ । कार्यकारी समितिको शुक्रबार बसेको बैठकले उक्त निर्णय गरेको परिषदका सदस्यसचिव घनश्याम पौडेलले जानकारी दिए ।

उनका अनुसार मङ्सिर तेस्रो साताभित्रै खेलाडीलाई नगदसहित सम्मान गरिनेछ । खेलाडीसँगै खेल प्रशिक्षक, व्यवस्थापक र खेल सङ्घलाई समेत सम्मान गरिने जनाइएको छ । गण्डकी प्रदेशका तर्फबाट पदक विजेता खेलाडीलाई सम्मान गर्न परिषदले कार्यविधिसमेत तयार गरिसकेको जानकारी गराउँदै उनले सम्मान कार्यक्रमको व्यवस्थापन गर्न कार्यकारी सदस्य दिलबहादुर गुरुङको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको बताए ।

गत असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा सञ्चालन भएको नवौं राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेश प्रदेशस्तरमा प्रथम भएको थियो । गण्डकी विभागीय टोली पछि समग्रमा चौथो स्थान हासिल गरेको थियो । गण्डकीले ३२ स्वर्ण, ३१ रजत र ५८ कास्य पदक प्राप्त गरेको थियो ।

विश्व

## दोस्रो ठूलो क्रिप्टो लेनदेन कम्पनी टाट पल्टियो




■ **एजेन्सी**

वासिंगटन । क्रिप्टोकरेन्सी एक्सचेन्ज(लेनदेन) कम्पनी एफटी एक्सले अमेरिकामा टाट पल्टिएको निवेदन दायर गरेको छ । कम्पनीले अदालतसँग सुरक्षा माग्दै आफूले ग्राहकहरूको पैसा फिर्ता गर्ने उपाय खोजिरहेको बताएको छ । यो घोषणासँगै एफटी एक्सका प्रमुख कार्यकारी अधिकृत स्याम बैंक म्यान-फ्राइडले शुक्रबार आफ्नो पदबाट राजीनामा दिएका छन् । ३० वर्षीय स्यामले आफूले कम्पनीको स्थितिको कारण राजीनामा दिएका हुन् ।

एक हप्ताको अन्तरमा एफटी एक्सको साम्राज्यको पतन भएप्छि केही समयदेखि संकटमा गुज्रिरहेको क्रिप्टो बजारको विश्वास धर्मराएको छ । यसअघि 'किङ्ग अफ क्रिप्टो (क्रिप्टोको राजा)' पनि भनिने स्यामले ट्वीटरमा लेखेका छन्- 'अहिलेको स्थितिको लागि म फेरि एकपटक माफी चाहन्छु । आशा छ परिस्थिति राम्रो हुँदै जानेछ । आशा छ कि हामीले प्रक्रियामा पारदर्शिता र विश्वास ल्याउन सक्छौं । जस्तो अवस्था आयो त्यसमा म पनि आश्चर्यचकित छु ।'

कम्पनीको पतन हुनुअघि, स्याम क्रिप्टो बजारका हस्ती मानिन्थे । १५ अर्ब डलर नजिकको सम्पति पुगेका स्यामको तुलना दिग्गज लगानीकर्ता वारेन बफेटसँग हुन थालेको थियो । एफटीएक्स लगायत स्यामको स्वामित्वमा रहेका अन्य व्यवसायमा वित्तीय समस्या आएको हल्लापछि एक्कैपटक ठूलो संख्यामा ग्राहकहरूले एफटी एक्सबाट पैसा निकाल्न प्रयास गर्दा यस्तो स्थिति आएको बताइन्छ ।

डिजिटल टोकनहरू किनबेचमा प्रयोग हुने एफटी एक्सको नगदको संकट उत्पन्नलाई समाधान गर्न स्यामले प्रयास गरे पनि त्यो सफल हुनसकेन । यसका कारण लाखौं ग्राहकहरूको पैसा एफटीएक्समा फसेको छ, जुन उनीहरू अहिले निकाल्न सकिरहेका छैनन् । टाट पल्टिएको आवेदन दिएपछि, कम्पनीले अदालतको निगरानीमा काम गर्नेछ र त्यस अन्तरालमा कम्पनीले उसका ऋण पुनर्संरचना गर्न सक्छ ।

## विश्वको जनसंख्या १५ नोभेम्बरमा ८ अर्ब पुग्ने



■ **एजेन्सी**

जेनेभा । संयुक्त राष्ट्रसंघले नोभेम्बर १५ सम्ममा विश्वको जनसङ्ख्या आठ अर्ब पुग्ने अनुमान गरेको छ। सन् २०२३ मा भारतले चीनलाई विस्थापित गर्ने प्रतिवेदनमा उल्लेख छ । यो प्रक्षेपण यस वर्ष जुलाई ११ मा विश्व जनसङ्ख्या दिवसमा जारी गरिएको राष्ट्रसंघीय जनसंख्या सम्भाव्य २०२२ मा खुलासा गरिएको थियो तर अनुमानित समयसीमा केही दिन मात्र बाँकी रहेकाले अहिले यो प्रक्षेपण भइरहेको छ । सन् १९५० पछि पहिलो पटक सन् २०२० मा विश्वव्यापी जनसंख्या वृद्धि एक प्रतिशतभन्दा तल झरेको एजेन्सीले जनाएको छ । प्रतिवेदनले सन् २०५० सम्ममा अनुमानित जनसंख्या वृद्धिको आधाभन्दा बढी कंगो, इजिप्ट, इथियोपिया, भारत, नाइजेरिया, पाकिस्तान, फिलिपिन्स र तान्जानियामा मात्र केन्द्रित हुने उल्लेख गरेको छ । हालैको संयुक्त राष्ट्रसंघको अनुमानअनुसार विश्वको जनसंख्या सन् २०३० मा करिब ८.५ अर्ब, २०५० मा ९.७ अर्ब र त्यसपछि २०८० को दशकमा १०.४ अर्ब पुग्ने र सन् २१०० सम्म त्यो स्तरमा रहने अनुमान गरिएको छ ।

## क्यामरुनले भ्रष्टाचारमा ६७ मिलियन डलर गुमायो

■ **एजेन्सी**

क्यामरुन । क्यामरुनले गत वर्ष भ्रष्टाचारबाट करिब ४४ अर्ब रकम (लगभग ६७ मिलियन अमेरिकी डलर) गुमाएको क्यामरुन भ्रष्टाचार विरोधी आयोगले सार्वजनिक गरेको तथ्याङ्कले देखाएको छ । यो रकम सन् २०२० को तुलनामा २६ अर्ब क्यामरुनको सकम भन्दा बढी भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । स्वास्थ्य, शिक्षा, वित्त, सडक यातायात र प्रादेशिक प्रशासन क्षेत्रहरू सबैभन्दा बढी भ्रष्ट भएकाले प्रहरी र स्थानीय सरकारी अधिकारीहरू सबैभन्दा खराब भ्रष्टाचारी देखिएका छन् । 'भ्रष्टाचारका विरुद्ध लड्नका लागि अहिलेसम्म विभिन्न प्रयासहरू भएका छन् तर हामीले हाम्रो रणनीतिलाई अगाडि बढाउन आवश्यक छ। यो सत्य हो कि भ्रष्टाचार विरुद्ध लड्न र सार्वजनिक कोषको व्यवस्थापन जाँच गर्ने सन्दर्भमा जनताले आफ्नो जिम्मेवारीप्रति सचेत भइरहेका छन् ।

## इन्डो नेपाल किकबक्सिङमा नेपाल १५ स्वर्णसहित विजयी



■ **सौर्य समाचार**

काठमाडौं । नेपाली मिति अनुसार गत कार्तिक २० र २१ मा भारतको पन्जाबस्थित नवन सहरमा भएको प्रथम इन्डो नेपाल कुङ्ग फु कराते किकबक्सिङ खेलमा नेपाल १५ स्वर्ण पदकसहित टिम विजेता (प्रथम) भएको छ । कराते एशोसियसन अफ इन्डियाको आयोजनामा सम्पन्न खेलको नेतृत्व सोही संस्थाका अध्यक्ष राम कुमार गुरूङले गरेका थिए ।

नेपाल, भारत, बंगलादेश, भुटानसहित चार देशका विभिन्न समूहको सहभागिता रहेको उक्त प्रतियोगितामा नेपाल तर्फबाट इन्टरनेशनल कराते किकबक्सिङ फेडेरेसन (IKKF) र कुङ्ग फु क्लव नेपालले संयुक्त रूपमा आयोजनासहित सहभागिता जनाएको थियो । कराते किकबक्सिङको नेतृत्व IKKF का अध्यक्ष साम्देन तामाङले गरेका थिए भने कुङ्ग फु क्लवका खेलाडीको नेतृत्व क्लवका अध्यक्ष कुमार पौडेलले गरेका थिए ।

नेपालबाट विभिन्न खेलमा करिब २० खेलाडी र अन्य देशका समेत गरी ५०० खेलाडीको सहभागिता रहेको आयोजकका प्रमुख रामकुमार गुरूङले बताए ।

महिला र पुरूष गरी विभिन्न तौल र उमेर समूहमा विभाजन गरी आयोजना गरिएको प्रतियोगितामा नेपालले १५ स्वर्ण, ८ रजत र २ कास्य जित्न सफल भएको थियो । प्रतियोगितामा IKKF संघका खेलाडीहरू सुनमाया तामाङ 'सिर्जना', सिमृका तामाङ, अर्पण रावलले स्वर्ण पदक त्यस्तै किकबक्सिङबाट सुमन खड्का, मिला तामाङ, विजय तामाङसहित खेलाडीले स्वर्ण पदक प्राप्त गरेका थिए । साथै कुङ्ग फु क्लव नेपालका खेलाडीहरू मनिम लामा, प्रचिता तामाङ प्रमिला तामाङ, रञ्जित राईलगायतले स्वर्ण पदक जितेका थिए । साइना महर्जन, प्रशान्त तामाङ र राजन तामाङले कातामा स्वर्ण पदक जितेका थिए । दुई चरणमा गराइएको प्रतियोगितामा नेपाल र भारतबाट रेफ्रि र जजहरूले खेललाई निर्णायक निरीक्षणसहित समन्वयन कार्यको भूमिका निर्वाह गरेका थिए ।

**सृजना इन्टरनेशनल मिडिया प्रा.लि.**द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४४२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, **मुद्रण**: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, **निर्देशक** : वसन्तनाथ पन्त, **प्रधान सम्पादक**: बोधराज त्रिपाठी